'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २१६ ★ ने. सं. ११४६ गुँला थ्व, चतुर्दशी ★ बिहीबार ★ ११ भदौ, २०८३ ★ August 27, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

### 'भक्तपुर काण्ड : संस्मरण भाग ३' विमोचन
## पार्टीलाई समूल नष्ट गर्न राज्यस्तरबाटै षड्यन्त्र रचिएको हो




भक्तपुर, १० भदौ । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा मङ्गलबार २०४५ साल भदौ ९ गतेको 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'भक्तपुर काण्ड : संस्मरण भाग ३' विमोचन गर्दै राज्यस्तरबाटै पार्टीलाई समूल नष्ट गर्ने षड्यन्त्र रचिएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले पञ्चायती व्यवस्थाले पक्राउ परेका नेताहरूलाई यातना दिएर अमानवीय व्यवहार गरेको उल्लेख गर्दै पार्टीका ६७ जना कार्यकर्तालाई ज्यान मुद्दा लगाएर दुःख दिएको बताउनुभयो ।

उहाँले पञ्चायती सरकारले पार्टीका कार्यकर्ताहरूलाई निर्घात कुटपिट गरेको र झूटा मुद्दा लगाएको स्मरण गर्दै पार्टीले इमानदारीपूर्वक जनताको लागि गरेको सेवा पञ्चहरूलाई असह्य भएकोले यो षड्यन्त्र रचिएको हो भन्नुभयो ।

यस घटनाको विरोधमा पत्रकार, मानव अधिकारकर्मी र विज्ञहरू पनि लागिपरेको स्मरण गर्दै उहाँले यसले नेपालको वामपन्थी आन्दोलनलाई थप मजबुत बनाउन ठूलो मद्दत पुगेको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले भदौ ९ पछिको सो घटनामा भक्तपुरका जनतामाथि गरिएको दमनले भक्तपुरवासीले अमानवीय पीडा सहनुपरे तापनि यसले नेपालको राजनीतिमा एक ऐक्यबद्धताको आन्दोलनको पनि बिजारोपण गरेको बताउनुभयो ।

नेमकिपामाथिको यो झूटा मुद्दा र दमनलाई लिएर न्यायप्रेमी मानव अधिकारवादी, पत्रकार तथा विभिन्न पेसागत सङ्घ सङ्गठन र वकिलहरूको सङ्गठन बार एसोसिएसन एक ढिक्का भई तत्कालीन पञ्चायती सरकारको विरुद्धमा भक्तपुरका जनताको पक्षमा ऐक्यबद्धता जनाएपछि ०४६ सालको जनआन्दोलनको लागि पृष्ठभूमि तयार भएको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले विशेष गरी महिलाहरू सचेत हुनुपर्नेमा जोड दिँदै सो घटनाले भक्तपुरका महिलाहरूमा चेतनाको बीज रोपेको र सडक आन्दोलनमा उत्रेको बताउनुभयो ।

विद्यालय तहदेखि नै विद्यार्थी र नयाँ पुस्तालाई यस्ता ऐतिहासिक घटनाहरूको जानकारी गराउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पञ्चायती राज्यस्तरबाट पार्टीलाई समूल नष्ट गर्ने षड्यन्त्र रचिएको र कार्यकर्तालाई कठोर यातना दिएको बताउनुभयो ।

भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले निर्दोष प्यालेस्टिनी जनतामाथि इजरायलले गरेको अमानवीय युद्धसँग भक्तपुर काण्डको तुलना गर्नुभयो । उहाँले दुवै घटनामा निर्दोष जनता र राजनीतिक कार्यकर्तामाथि अमानवीय व्यवहार र गम्भीर मानव अधिकार उल्लङ्घन भएको बताउनुभयो ।

इजरायलले सिङ्गो प्यालेस्टिन र प्यालेस्टिनी जनताको अस्तित्व मेटाउन

*बाँकी पृष्ठ २ मा*

## नेपाल-चीन सीमा क्षेत्रमा हिम-चट्टान पहिरो जाँदा भोटेकोसी बाढी

काठमाडौँ, १० भदौ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नेपाल-चीन सीमा क्षेत्रमा चट्टानसहितको हिमपहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको देखिएको प्रारम्भिक निष्कर्ष निकालेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा गएको चट्टानसहितको हिमपहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशुली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको जानकारी दिनुभयो ।

"स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषणका आधारमा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा चट्टानसहितको हिमपहिरो गएको देखिन्छ । त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशुली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ," कार्यकारी प्रमुख डा. उप्रेतीले भन्नुभयो ।

**तत्काललाई थप जोखिम हट्यो**

जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले रसुवाको भोटेकोसीमा आएको बाढीबाट हुन सक्ने थप क्षतिको जोखिम तत्कालका लागि टरेको जनाएको छ । केन्द्रका बाढीविद् विनोद पराजुलीले बुधबार राससससँग कुरा गर्दै बाढीको प्रभाव अब क्रमश: घट्दै गएकाले थप खतरा तत्कालका लागि टरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "रसुवास्थित भोटेकोसीमा आएको बाढी आएपछि नदी छेउछाउका बस्ती र बजार क्षेत्रमा उच्च सतर्कतासहित सुरक्षित रहन अनुरोध गरेका छौं । सबैतिर पूर्वसूचना प्रवाह भएको छ, अब बाढीको ठूलो जोखिम पनि कम हुँदै गएको छ ।"

पराजुलीले बाढीको जोखिम सुस्ता क्षेत्रसम्म पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै मोबाइल एसएमएसमार्फत सम्भावित प्रभावित क्षेत्रमा सर्वसाधारणलाई पूर्वसूचना पठाइएको बताउनुभयो ।

**नेपाल र चीनबिच मौसमी विवरण आदानप्रदान गर्ने विषयमा सहकार्य गर्ने सहमति**

यसैबिच नेपाल र चीनबिच मौसमी विवरण आदानप्रदान गर्ने विषयमा सहकार्य गर्ने सहमति भएको छ । रसुवाको भोटेकोसी हुँदै त्रिशुली नदीमा आएको आकस्मिक बाढी र प्रभावित क्षेत्रको मौसमी अवस्थाका बारेमा चिनियाँ पक्षसँग भएको छलफलका क्रममा मौसमी विवरण आदानप्रदान गर्ने विषयमा सहकार्य गर्ने सहमति भएको छ ।

नेपालस्थित चिनियाँ दूतावासका प्रतिनिधिसमेतको उपस्थितिमा जल तथा मौसम विज्ञान विभाग र चिनियाँ मौसम विज्ञान निकाय (सीएमए) का अधिकारीबिच बिहीबार भएको भर्चुअल

*बाँकी पृष्ठ ८ मा*

## दैलेखमा भदौ ९ को भर्त्सना कार्यक्रम



दैलेख, १० भदौ । नेपाल मजदुर किसान पार्टीको आयोजनामा चामुण्डा विन्द्रासैनी वडा नं. ५ को लेखडाँडामा भदौ ९ को 'भक्तपुर काण्ड' को भर्त्सना कार्यक्रम मङ्गलबार भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले कर्णप्रसाद ह्योजुलाई पञ्चायती शासकहरूले बलिको बोको बनाई नेमकिपालाई समूल नष्ट गर्ने षड्यन्त्र रची 'भक्तपुर काण्ड' गरेको प्रस्ट पार्नुभयो ।

कतिपय मानव अधिकारवादी र प्रजातन्त्रका पक्षधरहरूले भक्तपुर काण्डको विरोध गरेको प्रसङ्ग उल्लेख गर्दै उहाँले राष्ट्रिय पञ्चायतमा पनि भक्तपुर काण्डको विरोधमा आवाज उठेको चर्चा गर्नुभयो ।

नेमकिपा चामुण्डा विन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले भक्तपुर काण्ड नेमकिपालाई समाप्त पार्न रचिएको सरकारी दमन भएको चर्चा गर्दै अन्तत: नेमकिपालाई समाप्त गर्न खोज्ने पञ्चायत सरकार नै समाप्त भयो भन्नुभयो ।

वर्गसङ्घर्ष मात्र कामदारवर्गको मुक्तिको बाटो भएको उल्लेख गर्दै उहाँले नेमकिपाविरुद्ध फेरि पनि षड्यन्त्र हुनसक्ने भएकोले सचेत रहनुपर्ने बताउनुभयो ।

नेपाल प्राध्यापक समाजका नगेन्द्र कार्कीले भक्तपुर काण्ड कामदारवर्गका विरुद्ध सरकारी हमला भएको उल्लेख गर्दै पुँजीपतिवर्ग आफ्नो स्वार्थ पूरा गर्न कुनै पनि कसर बाँकी राख्दैन भन्नुभयो ।

बलबहादुर विकको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा नगर समिति सदस्य बिन्दु विक र अर्जुन विकले पनि बोल्नुभएको थियो ।

त्यसैगरी नेपाल मजदुर किसान पार्टी ठाँटीकाँध ४ वडा एकाइ समितिको आयोजनामा भक्तपुर काण्डको भर्त्सना कार्यक्रम गैरागाउँमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा जिल्ला समितिका सदस्य खड्कबहादुर कठायतले राज्यस्तरबाट रचिएको भक्तपुर काण्ड नेमकिपालाई समाप्त पार्ने पञ्चायती व्यवस्थाको षड्यन्त्रले पञ्चायती व्यवस्था आफै सकियो भन्नुभयो । "आज पुँजीवादी राजनीतिक दलका कार्यकर्ता तथा नयाँ नामका ठगहरू नेमकिपाको सङ्गठन र कार्यकर्तालाई समाप्त पार्ने योजना बुनिरहेका र लागिपरेका छन्," उहाँले भन्नुभयो ।

उहाँले रास्वपा सरकारले पनि कामदारवर्गको हितमा काम नगरेको उल्लेख गर्दै नेमकिपा निरन्तर समाजवादी गणतन्त्रको पक्षमा लागिरहेको बताउनुभयो ।

वडा समितिका उपाध्यक्ष भट्टबहादुर शाहीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा गाउँ समिति सदस्य कुलबहादुर कठायत र दिनेश विकले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएका थिए ।

### व्यङ्ग्यचित्रको कुनो



# ‘ख्वपको पहिचान’ अन्तर्गत मेयरसँग विद्यार्थी कार्यक्रम



भक्तपुर, १० भदौ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र बासु माध्यमिक विद्यालयका विद्यार्थीहरूबिच ‘ख्वपको पहिचान’ अन्तर्गत ‘मेयरसँग विद्यार्थी’ कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले नैतिकता मानिसको सबैभन्दा महत्त्वपूर्ण पहिचान भएको बताउँदै नैतिकता समाप्त भए मानिसको वास्तविक पहिचान पनि समाप्त हुने धारणा राख्नुभयो । उहाँले विद्यार्थी अनुशासनमा रहनुपर्ने र शिक्षकको कुरालाई सम्मानजनक ढङ्गले पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

परीक्षामा असफल हुँदैमा निराश हुन नहुने बताउँदै उहाँले मेहनत र परिश्रम गर्न कहिल्यै नछोड्न विद्यार्थीलाई आग्रह गर्नुभयो ।

उहाँले हजारौँ असफलताबाट प्राप्त हुने सफलताको विशेष महत्त्व हुने बताउँदै माध्यमिक तहको जग बलियो बनाउन सके उच्च शिक्षा अध्ययनमा पनि सहयोग पुग्ने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरको शिक्षा क्षेत्रको विगत र वर्तमान अवस्थाबारे जानकारी दिँदै शिक्षाको क्षेत्रमा आएको परिवर्तनसँगै अन्य क्षेत्रको विकास पनि अघि बढ्दै गएको बताउनुभयो । “शिक्षा नै परिवर्तनको मूल आधार हो भन्ने भाष्य भक्तपुरबाट स्थापित भएको छ,” उहाँले भन्नुभयो ।

भक्तपुरमै विद्यालय तथा कलेज सञ्चालनमा आएसँगै यहाँका विद्यार्थीलाई अध्ययन गर्न सहज भएको बताउँदै उहाँले मेडिकल कलेज सञ्चालनका लागि पनि तयारी भइरहेको जानकारी दिनुभयो । स्वास्थ्य क्षेत्रमा पनि राम्रो व्यवस्था भएको तथा सामुदायिक शिक्षाको विकासका कारण आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीले समेत सहज रूपमा उच्च शिक्षा प्राप्त गर्न सकेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “भक्तपुर नगरपालिकाले चुनौतीपूर्ण काम गर्दै सफलता हासिल गरेको छ र देशमै फरक ढङ्गले अगाडि बढेको नगरका रूपमा भक्तपुर स्थापित भएको छ ।”

नगर प्रमुख प्रजापतिले ख्वप विश्वविद्यालय स्थापना गर्न भक्तपुर नगरपालिका निरन्तर प्रयासरत रहेको बताउँदै सरकारको वक्रदृष्टि र पूर्वाग्रही सोचका कारण हालसम्म विश्वविद्यालय स्थापना गर्न अनुमति प्राप्त हुन नसकेको उहाँले बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले विद्यार्थी लक्षित विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको जानकारी दिँदै सामुदायिक तथा संस्थागत विद्यालयलाई समान महत्त्व र प्राथमिकता दिँदै शिक्षाको विकासमा काम भइरहेको उहाँको भनाइ थियो ।

भक्तपुरलाई व्यवस्थित बस्तीका रूपमा विकास गर्न नगरपालिकाले चारवटा आवास योजना सञ्चालन गरेको बताउँदै उहाँले योजनाबद्ध बस्ती विकास र जनसङ्ख्या व्यवस्थापनमा नगरपालिकाले विशेष ध्यान दिइरहेको जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरको साँढे धपाउने आन्दोलनबारे पनि विद्यार्थीहरूलाई जानकारी गराउँदै उक्त आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य र महत्त्वबारे शिक्षित गराउनुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले भक्तपुरमा जनसङ्ख्यामा उतारचढाव आउनुको कारण, विद्यार्थी लक्षित कार्यक्रम, जनसङ्ख्या व्यवस्थापनका लागि आवास योजनाको अवस्था, साँढे धपाउने आन्दोलन, विश्वविद्यालय स्थापना गर्ने योजना, ख्वप नगरलाई अझ व्यवस्थित बनाउन विद्यार्थीको भूमिका तथा पर्यटन शुल्कबाट विद्यार्थीलाई हुने फाइदालगायत राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक विषयमा जिज्ञासा राखेका थिए ।

कार्यक्रमको सहजीकरण बासु माविका शिक्षक विष्णुप्रसाद दुमरुले गर्नुभएको थियो ।

# नेमकिपा, तारकेश्वर नगर समितिले बुझायो ध्यानाकर्षण पत्र



काठमाडौँ, १० भदौ । नेपाल मजदुर किसान पार्टी, तारकेश्वर नगर समितिले तारकेश्वर नगरपालिका ९ नं वडा कार्यालयमा ध्यानाकर्षण पत्र बुझायो । तारकेश्वर नगरपालिका ९ नं वडा कार्यालयले भदौ ३ गते वडाका सुकुमवासी र अव्यवस्थित बसोबासीको निवेदनअनुसार जग्गा दर्ता प्रयोजनको लागि प्रकाशित सूचनाको सन्दर्भमा विरोध गर्दै बुधबार वडा कार्यालयमा विरोध एवम् ध्यानाकर्षण पत्र बुझाएको थियो ।

नेमकिपाका केन्द्रीय सदस्य सनकमान महर्जनले शासक दलहरूले सुकुमवासीको नाममा जग्गा वितरण कार्यले भूमिहीनहरूको समस्या समाधान हुन नसक्ने र यस्ता कार्यले सार्वजनिक जग्गा थप अतिक्रमणमा पर्ने बताउँदै भूमिहीनलाई राज्यले शिक्षा, स्वास्थ्य, रोजगारी र आवश्यक अन्य व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा तारकेश्वर नगर समिति अध्यक्ष श्यामकुमार महर्जनले ध्यानाकर्षण पत्र वाचन गरी वडा अध्यक्ष श्यामकृष्ण महर्जनलाई उक्त ध्यानाकर्षण पत्र बुझाउनुभयो ।

# कैलालीमा भर्त्सना कार्यक्रम

कैलाली, १० भदौ । नेपाल मजदुर किसान पार्टी कैलालीमा भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले भदौ ५ गतेको भूकम्पले क्षति भएका जनतालाई राहत वितरण गर्ने कर्णप्रसाद ह्योजुलाई ढाल बनाई नेमकिपालाई पञ्चायती राज्यस्तरबाट समूल नष्ट पार्न रचिएको षड्यन्त्र भदौ ९ को विरोध तथा भर्त्सना गर्नुभयो ।

उहाँले नयाँ पुस्ता र समर्थकहरूलाई इतिहास बुझिराख्न र पत्रपत्रिकाको लेख अध्ययन गरी पार्टीबारे बुझ्न जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य रमेशकुमार रावलले नेमकिपाले जनताको भलो हुने काम गरेको हुनाले पञ्चायती व्यवस्थालाई असह्य भएकोले नेमकिपालाई समूल नष्ट पार्ने उद्देश्यले राज्यस्तरबाट षड्यन्त्र रचिएको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर काण्डको विरोध तथा भर्त्सना गर्दै कार्यकर्ताबिच छलफल तथा प्रशिक्षणको आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा आठौँ जिल्ला तयारी समितिका सचिव गगन थापामगरले नेमकिपालाई पञ्चायती राज्यस्तरबाट समूल नष्ट पार्न षड्यन्त्र गरेजस्तै अहिले पनि शासक दलहरूले जालमा फसाउन सक्छन् भन्नुभयो । उहाँले जनता सचेत, सजग र सङ्गठित भई अगाडि बढ्न आग्रह गर्नुभयो ।

नेक्रायुसङ्घ जिल्ला समितिका सचिव सीताराम पण्डितले ग्यासको अभाव, कालोबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा कैलालीका प्रजिअमार्फत सरकारलाई ज्ञापनपत्र बुझाई जनताको दैनिक समस्यालाई समाधान गर्नुपर्ने प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीका अध्यक्ष लक्ष्मी पुनको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप–९८

**निषेधित क्षेत्रतर्फ अघि बढ्दै प्रदर्शन**

बिजुली बजार पीटीजेड र एभरेस्ट होटल पीटीजेड सीसीटीभीका अनुसार १०:५८ बजे बिजुली बजार पुल हुँदै प्रदर्शनकारीहरूको पहिलो समूह निषेधित क्षेत्रतर्फ रहेको ब्यारिकेडतर्फ बढेको थियो भने ११:०० बजे ब्यारिकेडका सुरक्षाकर्मीसँग आमनेसामने भएको थियो ।

एभरेस्ट होटल पीटीजेड सीसीटीभीमा ११:४० बजे एभरेस्ट अस्पतालतर्फबाट केही प्रदर्शनकारी प्रहरीको ब्यारिकेडको पछाडितर्फ पुगेका देखिन्छन् । जसलाई सशस्त्र प्रहरीको टोलीले हटाएको थियो । ११:४७ मा पुन: सोही दिशाबाट अघिल्लो पटकभन्दा धेरै सङ्ख्यामा प्रदर्शनकारीहरू आएका थिए । एउटा समूहले प्रहरीको ब्यारिकेड तोड्न प्रयास गरेको थियो भने अर्को समूह नयाँ बानेश्वर चोकतर्फ अघि बढेको थियो ।

११:४९ बजे बाइकसहितका प्रदर्शनकारीहरू नयाँ बानेश्वर चोकतर्फ बढेका थिए । ११:५४ बजे प्रहरीले भिडलाई रोक्नको निम्ति फर्मेसनमा रहने प्रयास गरेको थियो । एउटा सानो समूह नयाँ बानेश्वर चोकमा पुगेको थियो, जहाँ सार्वजनिक तथा निजी सवारी साधनहरू सुचारु थिए । ११:५५ बजे भिडलाई तितरबितर पार्न प्रहरीले वाटरक्यानन प्रयोग गरेको थियो । तर, भिडले प्रहरीमाथि ढुङ्गा प्रहार गरेपछि प्रहरीले वाटरक्यानन र अश्रुग्यास प्रयोग गर्दै बानेश्वर चोकतर्फ पछि हटेको थियो । भिडको मुख्य जमात संसद् भवनतर्फ अघि बढेको थियो ।

बानेश्वर चोकको २ सीसीटीभीमा ११:५५ बजे सवारी साधनहरू सुचारु रहँदै गर्दा प्रहरी अश्रुग्यास प्रहार गर्दै संसद् भवनतर्फ पछि हटिरहेको देखिन्छ भने प्रदर्शनकारीहरू ‘Youth Against Corruption’ लेखिएको ब्यानरसहित संसद् भवनतर्फ बढ्दै थिए ।

**संसद् भवन गेटमा पुग्दै प्रदर्शनकारीहरू**

सिभिल अस्पताल पीटीजेड सीसीटीभीमा ११:५१ बजे बाइक सवारसहितको पहिलो समूह संसद् भवन गेट अगाडि पुगेको देखिन्छ । संसद् भवनको मेन गेटमा रहेको क्यामेराका अनुसार ११:४६ बजे सो समूह पुगेको थियो । अनलाइनखबर डटकमका अनुसार ११:४९ बजे २० जना जतिको समूह पुगेको उल्लेख छ ।

बीआईसीसी अगाडि रहेको सीसीटीभीमा ११:५४ बजे प्रहरीद्वारा अश्रुग्यास प्रयोग गरी भिडलाई तितरबितर बनाएको थियो । ११:५७ बजे वाटरक्यानन पछ्याउँदै प्रदर्शनकारीहरू मेनगेट अगाडि पुगेका थिए । १२:०१ बजे सुरुमा दुईजना प्रदर्शनकारीहरू गेटमाथि चढेका देखिन्छन् भने सिभिल अस्पताल नजिक रहेको सीसीटीभीमा १२:०५ मा पर्खाल चढी गेटमाथि चढेको देखिन्छ । नयाँ बानेश्वर चोकबाट ठुलो सङ्ख्यामा आएको भिड संसद् भवन गेट नजिक जम्मा भएपछि सडकपेटीमा रहेको रेलिङ तोडेर त्यही रेलिङको सहारामा प्रदर्शनकारीहरू गेटमाथि चढेका थिए ।

१२:०५ मा बीआईसीसी पीटीजेड सीसीटीभीमा ठुलो मात्रामा प्रदर्शनकारीहरू बीआईसीसी मेन गेटअगाडि जम्मा भइसकेका थिए । बीआईसीसी गेटमाथि रहेका प्रदर्शनकारीहरूलाई लक्षित गरी अश्रुग्यास प्रहार भएको थियो भने प्रदर्शनकारीहरूले अश्रुग्यास सेल प्रहरीतर्फ नै प्रहार गरेका थिए । सोही घटना सिभिल अस्पताल पीटीजेडमा १२:१० मा देखिएको छ । अनलाइनखबर र ईओएन युट्युब च्यानलबाट समेत यससम्बन्धी घटनाक्रम उल्लेख गरिएको छ ।

**घाइतेहरूको उपचार र कर्फ्यु आदेश**

सिभिल अस्पताल इमर्जेन्सी सीसीटीभी फुटेजमा १२:०७ बजे आँखाको तल्लो भागमा चोट लागेको विद्यार्थी पोसाकमा रहेको पहिलो घाइते इमर्जेन्सी कक्षमा प्रवेश गरेको देखिन्छ । १२:१७ बाट घाइतेहरू उपचारार्थ आउने सङ्ख्यामा वृद्धि भएको थियो भने १२:४१ मा शरीरका विभिन्न अङ्गहरूबाट रगत आएको देखिने घाइते प्रदर्शनकारीहरू इमर्जेन्सी कक्षमा आउने क्रम सुरु भएको थियो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले १२:३० बाट लागु हुने गरी कर्फ्यु आदेश जारी गरेको थियो । बीआईसीसी पीटीजेड सीसीटीभीमा १२:२९ बजे बाइक सवारको आगमन देखिन्छ भने एकजना मेन गेटतर्फबाट १२:३३ बजे पेट समातेँ आएको (सम्भावित गोली प्रहारबाट) र सिभिल अस्पतालको इमर्जेन्सी क्यामेराबाट १२:५४ मा पेटबाट रगत बगिरहेको अवस्थामा उपचारार्थ आएको देखिन्छ । बीआईसीसी पीटीजेड सीसीटीभीमा १२:३४ बजे बीआईसीसीको गेट नजिक आगजनी भएको थियो भने अनलाइन खबरको समाचारअनुसार १२:३७ बजे प्रदर्शनकारी ताक्दै गोली प्रहार भएको थियो । नेपाल कमर्स क्याम्पसको सीसीटीभीअनुसार १२:४१ बजे दुई एम्बुलेन्स सिभिल अस्पतालतर्फ गएका थिए ।

करिब १३:१५ बाट संसद् भवनको पश्चिम गेटमा प्रदर्शनकारीहरूले सुरक्षाकर्मीलाई लक्षित गरी ढुङ्गामुढा गरेका थिए भने गेटसमेत तोडफोड गर्ने प्रयास गरेका थिए । प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गरेको थियो ।

बीआईसीसी पीटीजेडमा १२:३५ बजे प्रहरीद्वारा मेनगेट वरपर जम्मा भएका प्रदर्शनकारीहरूलाई लक्षित गरी टियर ग्यास प्रहार भएको थियो । १२:४० बजे संसद् भवन परिसरबाट पानीको फोहोरा प्रहार गरिएको थियो । १२:५५ बजे गोली प्रहारबाट घाइतेलाई उद्धार गर्दै गरेको देखिन्छ । १२:५५ पछि गोली प्रहारबाट घाइते प्रदर्शनकारीको सङ्ख्यामा व्यापक वृद्धि भएको थियो । १३:०१ बजे प्रदर्शनकारीद्वारा प्रहरी लक्षित गरी मोलोटोभ प्रहार भएको थियो भने १३:०५ बजे प्रहरीद्वारा मेनगेट अगाडि प्रदर्शनकारीको टाउकोमा गोली प्रहार गरेको देखिन्छ । जुन घटना युट्युब च्यानल जीसीएस ब्लगले राखेको भिडियोमा प्रस्ट देखिन्छ ।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

● नेपालमा पर्याप्त प्याज उत्पादनको सम्भावना छ । तर, सरकारहरूले कृषिलाई बेवास्ता गरेको हुँदा प्याजलगायत तरकारी र फलफूल भारतबाट आयात भइरहेको छ । यतिबेला भारतमा प्याजको मूल्य बढेको निहुँमा नेपालमा प्रतिकिलो प्याजको मूल्य १०० रूपैयाँ पुऱ्याइयो । के सरकारहरूले जनताको सेवा गरेको यही हो ?

● प्रजातन्त्रमा संसद् विपक्षीको र सरकार सत्ता पक्षको हुने भनिन्छ । तर, वाग्मती प्रदेश सभाको बैठकमा विपक्षीको अनुपस्थितिमा सत्ता पक्ष मिलेर एमालेका मुख्यमन्त्री किरण थापा मगरलाई विश्वासको मत दिलाइयो । राप्रपाका १२ सांसदमध्ये ७ जना सत्ता पक्षमा गएको सार्वजनिक भयो, वास्तवमा विपक्षीको उपस्थिति नभएसम्म सभामुखले बैठकसमेत अगाडि बढाउन हुँदैनथ्यो । वाग्मती प्रदेशमा संसदीय मर्यादा केही बाँकी भएन ?

● सरकारले सर्पदंशलगायत अत्यावश्यक सुई र औषधि आपूर्ति गर्न नसक्दा नागरिकको अनाहकमा ज्यान गइरहेको सार्वजनिक भयो । स्वास्थ्य बीमामा उपलब्ध हुनुपर्ने ९८ थरी औषधिमध्ये स्वास्थ्य संस्थाहरूमा ५८ थरी मात्र उपलब्ध भएको पनि सार्वजनिक भयो । स्वास्थ्य बीमाको रकम सरकारले स्वास्थ्य संस्थाहरूलाई अर्बौं रूपैयाँ भुक्तानी नगरेको हुँदा सरकार गरिब जनताविरोधी पुष्टि भयो ।

**भक्तपुर...**

युद्ध थोपरिरहेजस्तै नेमकिपालाई समूल नष्ट गर्न पञ्चायती सरकारबाट दमन भएको उल्लेख गर्दै उहाँले थुनामा रहेका कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका रोशनमैयाँ सुवालले नेमकिपाविरुद्धको त्यस षड्यन्त्रको पीडा भुक्तभोगीहरूमा अझै रहेको छ भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका गंगा वैद्य र देविका दनेखुले पनि बोल्नुभएको थियो ।

# नेपालभाषा साहित्य त:मुंज्याको लागि विभिन्न समिति गठन

भक्तपुर, १० भदौ । कार्तिक ६ र ७ गते गोल्मढीमा हुने ४६ औं नेपालभाषा साहित्य त:मुंज्या सफल पार्न विभिन्न समितिहरू गठन गर्न बुधबार एक भेला भयो ।

कार्यक्रममा ग्वसाखलका अध्यक्ष उकेश कवांले ४६ औं नेपालभाषा साहित्य त:मुंज्या हाम्रो अवसर भएकोले हामीले आफूसँग भएको सीप उपयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले त:मुंज्या हाम्रो हो र हाम्रो बृहत् साहित्य र सांस्कृतिक कार्यक्रम हामीले नै सफल बनाउनुपर्छ भन्नुभयो ।

उहाँले हाम्रो शरीरका सबै अङ्गको जसरी महत्त्वपूर्ण भूमिका रहेको हुन्छ त्यति नै भूमिका कार्यक्रमका सबै समितिको रहेको हुन्छ भन्नुभयो ।

भेलामा ग्वसाखलका कोषाध्यक्ष कृष्णगोविन्द लाखाजुले सबैले आआफ्नो क्षेत्रबाट सक्रिय सहयोग गर्ने अपेक्षा गर्नुभयो ।

समाजसेवी लक्ष्मीभक्त कवांले सबैजना सक्रिय भई त:मुंज्यालाई भव्य रूपमा सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

ग्वसाखलका सचिव पुरुषोत्तम ग्वाछाले त:मुंज्याको विषयमा हामी सबै मिलेर प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो भने सहसचिव रामप्रसाद ग्वाछाले पनि बोल्नुभएको थियो ।

भेलाले डा. विष्णुभक्त कवांको संयोजकत्वमा प्राथमिक उपचार समिति गठन गऱ्यो भने धर्मलक्ष्मी लघुको संयोजकत्वमा विशेष अतिथि सत्कार समिति गठन भयो ।

त्यस्तै बद्रीराम छुस्याबागको संयोजकत्वमा अतिथि सत्कार तथा जलपान व्यवस्थापन समिति गठन गरियो ।

जोशन मचामसीको संयोजकत्वमा फोटोग्राफर समिति गठन, हरिरत्न गोर्खालीको संयोजकत्वमा सरसफाइ तथा वातावरण समिति र आशाकाजी बनमालाको संयोजकत्वमा स्वयम्सेवक व्यवस्थापन समिति गठन भयो ।

# भोटेकोसी बाढी : भवन, सडक–पुल तथा विद्युत् आयोजनामा क्षति, तत्काल राहत–उद्धारमा खट्न निर्देशन







रसुवा, १० भदौ । भोटेकोसी नदीमा आकस्मात् आएको बाढीमा परी १२ जना घाइतेको जिल्ला अस्पताल, धुन्चेमा उपचार भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय रसुवाका अनुसार गम्भीर घाइते भएका दुई जनाको थप उपचारका लागि हेलिकप्टरमार्फत काठमाडौँ पठाइएको र सम्पर्कविहीन भएका तथा हराएका व्यक्तिहरूको खोजी कार्य भइरहेको छ ।

बाढीबाट रसुवागढी नाकास्थित नेपाल-चीन क्षेत्रका बजार र बस्तीमा ठुलो क्षति भएको र विशेषगरी गोसाइँकुण्ड गाउँपालिका-२ टिमुरे र घट्टेखोला बजार बढी प्रभावित छ । प्रहरीका अनुसार टिमुरे बजार क्षेत्रका करिब १०७ घर र घट्टेखोलामा ५० घर पूर्णरूपमा क्षति पुगेको छ ।

बाढीबाट रसुवागढीस्थित पालिका भवन, प्रहरी चौकी, भन्सार कार्यालय, सुख्खा बन्दरगाह र जलविद्युत्गृहमा समेत क्षति पुगेको छ ।

यसैगरी, रसुवागढी जलविद्युत् आयोजना पूर्णरूपमा प्रभावित भएको र चिलिमे जलविद्युत् आयोजनाको प्रवेशद्वार क्षेत्रमा असर पुगेको, राष्ट्रिय प्रसारणलाइनमा समेत क्षति पुगेको छ ।

बाढीले स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मको १८ किमि सडक बगाएको छ । त्यस्तै, दुई वटा विद्युत्गृहको पहुँचमार्गमा रहेका दुई पुलसहित त्रिशुली-रसुवागढी सडकमार्गमा रहेको दुई वटा पक्की पुलसमेत बगाएको रसुवा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो ।

बाढीबाट जिल्लाको उत्तरगया गाउँपालिकाको वडा नं ४ र ५ स्थित नदी तटीय क्षेत्रका बजार र वस्ती प्रभावित भएको जानकारी दिँदै जिल्ला प्रहरी प्रमुख थापाले बेत्रावती बजारलाई समेत बाढीले क्षति पुऱ्याएको बताउनुभयो ।

यसैबिच, नेपाल सरकारका तर्फबाट आवश्यक समन्वयसहित क्षतिको विवरण सङ्कलन गरी उद्धार तथा राहत वितरणलाई तीव्रता दिन, घाइतेको उपचार व्यवस्था गर्न, हराएका तथा सम्पर्कविहीन अवस्थामा रहेकाको खाजी गर्न र विपद्जन्य घटनामा तत्काल गर्नुपर्ने व्यवस्थापकीय भूमिका छिटोभन्दा छिटो पूरा गर्न सम्बद्ध पक्षलाई निर्देशन दिएको छ ।

**भोटेकोसी बाढी : २६ प्रहरी सम्पर्कविहीन**

रसुवास्थित भोटेकोसी नदीमा बुधबार आकस्मिकरूपमा आएको बाढीमा परी २६ जना प्रहरी सम्पर्कविहीन भएका छन् । केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार रसुवाको टिमुरे, स्याफ्रुबेँसी, सिम्ले र मैलुङमा रहेका युनिटमका ती प्रहरी सम्पर्कविहीन भएका हुन् ।

बाढीपछिको खोज तथा उद्धारको क्रममा नुवाकोट र धादिङमा आठ जनाको शव फेला परेको छ । बाढीले भोटेकोसीको तटीय क्षेत्रका बस्ती, पुललगायत सडक पूर्वाधारमा ठुलो क्षति पुगेको छ । क्षतिको विवरण सङ्कलन गर्ने प्रयास भइरहेको छ ।

**लेन्दे खोला थुनिएकाले बाढी आएको अनुमान, भोटेकोसी-त्रिशुलीमा अझै जोखिम**

चीनबाट प्राप्त सूचनाअनुसार लेन्दे खोला थुनिएको स्थानमा बनेको ताल अझै पूर्णरूपमा नखुलेका कारण भोटेकोसी र त्रिशुली नदी क्षेत्रमा बाढीको जोखिम अझै टरेको छैन ।

जल विज्ञान तथा अनुसन्धान केन्द्रका अनुसार तिब्बततर्फ मेतेरी पुलबाट करिब १० किलोमिटरमाथि लेन्दे खोला थुनिएको अनुमान गरिएको छ । सो स्थानमा बनेको ताल पूर्णरूपमा नखुलेसम्म भोटेकोसी हुँदै त्रिशुली नदीको तल्लो तटीय क्षेत्रमा जोखिम कायमै रहेको केन्द्रका बाढीविद् विनोद पराजुलीले जानकारी दिनुभयो ।

उहाँले अर्को सूचना जारी नभएसम्म भोटेकोसी तथा त्रिशुली नदीको आसपास नजान र नदीबाट टाढा सुरक्षित स्थानमा रहन आग्रह गर्नुभयो । "चीनतर्फबाट प्राप्त सूचनाअनुसार नदी थुनिएको स्थानमा बनेको ताल अझै पूर्णरूपमा खुलेको छैन । त्यसैले भोटेकोसी र त्रिशुली क्षेत्रमा जोखिम कायमै छ," उहाँले भन्नुभयो ।

केन्द्रले नदीको जलसतह तथा माथिल्लो क्षेत्रमा विकसित भइरहेको अवस्थाबारे निरन्तर निगरानी गरिरहेको जनाएको छ । केन्द्रका अनुसार देवघाट बाढी मापन केन्द्रमा हाल पानीको सतह ४.७६ मिटर रहेको छ । बाढीको बहाव करिब दिउँसो ३:३० बजे देवघाटमा आइपुग्ने अनुमान गरिएको छ । केन्द्रको आकलनअनुसार पानीको सतहमा करिब ३ मिटरले वृद्धि हुन सक्ने देखिन्छ । यसअनुसार पानीको सतह करिब ८ मिटर पुग्न सक्ने र यो २-३ वर्ष पुनरावृत्ति अवधिको बाढी हुने अनुमान गरिएको छ ।

यस अनुसार चितवन र नवलपरासीको क्षेत्रमा डुबान हुने सम्भावना कम छ । तथापि अर्को सूचना जारी नहुँदासम्म नदीको छेउछाउका बस्ती-बजारका बासिन्दाहरू सुरक्षित स्थानमा रहन केन्द्रले आग्रह गरेको छ ।

**भोटेकोसी बाढी : त्रिशुली बजार र देवीघाट क्षेत्र प्रभावित**

रसुवादेखि आएको बाढीका कारण नुवाकोटको त्रिशुली बजार आसपासका करिब ६० घर बगाएको छ भने देवीघाट क्षेत्र प्रभावित भएको छ ।

बाढी आएको पूर्वसूचना पाएलगत्तै त्रिशुली नदी आसपासका स्थानीयहरू सुरक्षित स्थानमा गएकाले हालसम्म मानवीय क्षतिको विवरण प्राप्त नभएको नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्षतिको विस्तृत विवरण आउन बाँकी छ । बाढीले त्रिशुली बजारका केही घर र त्रिशुली नदीमा रहेका दुईवटा पक्की पुल बगाएको छ । बाढीबाट त्रिशुली र देवीघाट जलविद्युत् आयोजना क्षतिग्रस्त भएको छ । यस्तै बाढीले २५ मेगावाट क्षमताको सौर्य प्लान्टको तीनवटा ब्लक र सबस्टेसन बगाएको छ ।

**भोटेकोसी बाढी : तीन जनाको शव भेटियो, पाँच जनाको उद्धार**

भोटेकोसी बाढीमा परी तीन जनाले ज्यान गुमाएका छन् । त्रिशुली नदी किनारमा तीन वटा शव भेटिएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख विपिन रेग्मीको अनुसार त्रिशुलीको किनार सिमचउरमा दुई वटा र कोल्पुटारमा एक जनाको शव फेला परेको हो । शवको पहिचान भने भएको छैन । बाढीमा फसेका पाँच जनालाई उद्धार गरिएको छ ।

उनीहरूलाई विदुर नगरपालिका-४ स्थित चक्रदेव अस्पताल पुऱ्याइएको छ । बाढीले सडक र पुल बगाएकाले त्रिशुली अस्पतालसँगको सडक सम्पर्क विच्छेद भएको उहाँले जानकारी दिनुभयो ।

**उत्तरगया गाउँपालिकामा रहेका जलविद्युत् आयोजना र नदी आसपासमा घर क्षतिग्रस्त**

रसुवाको भोटेकोसी नदीदेखि आएको बाढीका कारण रसुवा जिल्लाको उत्तरगया गाउँपालिकामा क्षेत्रमा रहेका अधिकांश जलविद्युत् आयोजना र त्रिशुली नदी आसपासमा रहेका घरहरू प्रभावित भएका छन् ।

गाउँपालिकाका अध्यक्ष माधव अर्यालका अनुसार नदी तटीय क्षेत्रका आयोजनाका संरचना, गाउँपालिकाको कार्यालय र नजिकका घरहरू प्रभावित भएका छन् । सो क्षेत्रमा पूर्वसूचना प्राप्त भए पनि सूचनाको १५ मिनेटमै बाढीले प्रहर गर्न थालेको र केन्द्र सरकारको सम्बन्धित निकायलाई उद्धारका लागि आग्रह गरिएको उहाँले बताउनुभयो ।

अध्यक्ष अर्यालले मानवीय क्षतिको विवरण आइनसकेको र पूर्वसूचना तथा उद्धारमा गएका कर्मचारीसमेत सम्पर्कविहीन भएका छन् ।

**रसुवा भन्सार कार्यालयका १४ कर्मचारी सम्पर्कविहीन**

रसुवाको टिमुरेस्थित भन्सार कार्यालयमा कार्यरत १४ जना कर्मचारी सम्पर्कविहीन भएका छन् । रसुवास्थित भोटेकोसी नदीमा बुधबार बिहान आएको बाढीपछि उहाँहरू सम्पर्कविहीन हुनुभएको हो ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको सचिवालयका अनुसार रसुवा भन्सारमा कार्यरत ११ स्थायी कर्मचारी र तीन जना करारका कर्मचारी सम्पर्कविहीन छन् ।

रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक राजेन्द्र ढुङ्गानासहित २५ जना कर्मचारी सम्पर्कमा आउनुभएको छ । सो कार्यालयमा चार जना करार र ज्यालादारी कर्मचारी रहेकामा एक जना सम्पर्कमा आएको बताइएको छ ।

**भोटेकोसी बाढी : सेनाको हेलिकप्टरद्वारा १२ जना बाढीपीडितको उद्धार**

नेपाली सेनाले रसुवास्थित भोटेकोसी नदीमा बुधबार बिहान आएको बाढीबाट पीडितको उद्धार धमाधम जारी राखेको छ । हालसम्म हालसम्म १२ जनाको हेलिकप्टरमार्फत उद्धार भैसकेको छ ।

यसमा स्याफ्रुबेँसीबाट ६ र मैलुङबाट २ र धुन्चेबाट ४ गरी हालसम्म १२ जनाको रहेका छन् । नेपाली सेनाका चार र निजी कम्पनीका आठ गरी १२ वटा हेलिकोप्टर उद्धारमा खटिएका छन् ।

यसका साथै नेपाली सेनाको मेडिकल टिमद्वारा त्रिशुलीस्थित नं १ सैन्य तालिम केन्द्रमा आकस्मिक उपचार सेवा प्रदान गरिरहेको पनि सेनाले जनाएको छ । सेनाका अनुसार घाइतेहरूलाई त्रिशुली र अन्यलाई धुन्चे पुऱ्याइएको छ ।

**भोटेकोसी बाढीको जोखिम सुस्तासम्म**

यसैबिच भोटेकोसी बाढीको जोखिम सुस्तासम्म रहने पूर्वानुमान गरिएको छ । जलविज्ञान तथा अनुसन्धान केन्द्रले बाढीको जोखिम सुस्ता क्षेत्रसम्म पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै मोबाइल एसएमएसमार्फत बाढीसम्बन्धी पूर्वसूचना सर्वसाधारणलाई पठाउने तयारी भइरहेको जनाएको छ ।

केन्द्रका बाढीविद् सौहार्द जोशीले यसअघि चितवनस्थित देवघाटसम्म मात्रै जोखिम रहन सक्ने भनिएकामा बाढीको प्रकृति हेर्दा जोखिम सुस्तासम्म रहने आकलन गरिएको जानकारी दिनुभयो । सोहीअनुसार पूर्वतयारी थालिएको उहाँले बताउनुभयो । "बाढीको जोखिम अहिलेसम्म घटेको छैन । सुस्तासम्म नै जोखिम हुनसक्छ," उहाँले भन्नुभयो ।

**"वर्षाले भोटेकोसीमा बाढी आएको होइन"**

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले वर्षाले भोटेकोसीमा बाढी नआएको स्पष्ट गर्नुभएको छ ।

बितेका २४ घण्टामा रसुवाका केही स्थानमा सामान्य वर्षा भएको र त्यहाँ सात मिलिमिटरभन्दा बढी वर्षा नभएको राससलाई बताउनुभयो । उहाँले हिमताल फुटेको आशङ्का गर्दै अनुसन्धान गरिने बताउनुभयो ।

**भोटेकोसी बाढी : बाह्र जलविद्युत्गृहमा क्षति**

भोटेकोसीमा गएको बाढीका कारण १२ जलविद्युत्गृहमा क्षति पुगेको छ । नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले भोटेकोसीमा गएको बाढीका कारण छ वटा जलविद्युत् र एक सोलार गृहमा प्रत्यक्ष क्षति पुगेको र बाँकी जलविद्युत्गृहबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीबाट विच्छेद भएका छन् ।

प्रवक्ता ढकालका अनुसार १११ मेगावाटको रसुवागढी, ७८ मेगावाटको सलासुङ्गी (सान्जेन), १४.८ मेगावाटको अपर साञ्जेन, ४२.५ मेगावाटको सान्जेन, २२ मेगावाटको चिलिमे, २० मेगावाटको लाङटाङ, ६० मेगावाटको अपर त्रिसुली थ्री ए, १४.८ मेगावाटको अपर मैलुङ, ५ मेगावाटको मैलुङ, २४ मेगावाटको त्रिशुली, १४ मेगावाटको देवीघाट र २५ मेगावाटको सोलार प्रणालीमा प्रत्यक्ष क्षति पुगेको छ ।

एघार जलविद्युत्गृह र एक सोलारगृहमा क्षति पुग्दा ४३१.१ मेगावाट विद्युत् राष्ट्रिय प्रणालीबाट विच्छेद भएको प्रवक्ता ढकालले बताउनुभयो । उक्त बाढीले राष्ट्रिय प्रसारण लाइनमा समेत क्षति पुऱ्याएको छ ।

**भोटेकोसी-त्रिशुलीमा गएको बाढीबाट १९ वटा पुलमा क्षति**

भोटेकोसी-त्रिशुलीमा गएको बाढीका त्रिशुली नदीमा रहेका कम्तीमा १९ वटा पुलमा क्षति भएको सडक विभागले जनाएको छ ।

सडक विभागका उपमहानिर्देशक तथा प्रवक्ता शुभराज न्यौपानेका अनुसार बाढीका कारण हालसम्म त्रिशुली नदीमा रहेका कम्तीमा १९ वटा पुलमा क्षति पुगेको छ । त्यस्तै, कम्तीमा ४० किलोमिटर सडकमा क्षति पुग्नुका साथै सडक भत्किएको उहाँको भनाइ छ ।

न्यौपानेका अनुसार क्षतिग्रस्त क्षेत्रमा सडक विभागले भारी उपकरण तथा मेसिन परिचालन गरी सडक तथा पुलको अवस्था सुधार गर्ने काम अघि बढाएको छ ।

**बाढीको प्रभाव तल्लो तटीय क्षेत्रमा कम**

रसुवास्थित भोटकोसी नदीमा आएको बाढीको प्रभाव माथिल्लो क्षेत्रको तुलनामा तल्लो तटीय क्षेत्रमा कम देखिएको छ ।

जल विज्ञान तथा अनुसन्धान केन्द्र, बाढी पूर्वानुमान महाशाखाले भने बढीबाट तल्लो नदी तटीय क्षेत्रमा पनि हुन सक्ने क्षतिलाई दृष्टिगत गरी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

बाढीका कारण फुर्केखोलास्थित जलमापन केन्द्रले १० दशमलव आठ मिटर जलसतह मापन गरेको र त्यसपछि उक्त केन्द्र तथा पुलसमेत बाढीले बगाएको बाढी पूर्वानुमान महाशाखाले जनाएको छ ।

बाढीसम्बन्धी तत्काल सूचना लिन बाढी पूर्वानुमान महाशाखाको ११५५ को २ नम्बरमा २४ सै घण्टा सम्पर्क गर्न सकिने महाशाखाका हाइड्रोलोजिस्ट सौगात भुसालले बताउनुभयो ।

**भोटेकोसी बाढीपीडितका लागि डब्ल्युएचओले औषधि र स्वास्थ्य उपकरण पठाउने**

विश्व स्वास्थ्य सङ्गठन ( डब्ल्युएचओ) ले रसुवाको भोटेकोसी नदीमा बुधबार बिहान आएको बाढीबाट प्रभावितका लागि आवश्यक औषधि तथा स्वास्थ्य उपकरण पठाउने भएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासँगको कुराकानीपछि डब्ल्युएचओले एक हजार जनालाई पुग्ने आधारभूत औषधि तथा स्वास्थ्य उपकरण पठाउन लागेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । साथै २४ वर्गमिटरका १५ वटा आपत्कालीन टेन्ट पनि प्रभावित क्षेत्रमा पठाउन लागिएको जनाइएको छ ।

मन्त्रालयका अनुसार बाढी प्रभावितका लागि काठमाडौँस्थित वीर अस्पताल र ट्रमा सेन्टरमा १०० वटा आपत्कालीन शय्या छुट्याइएको छ । हालसम्म तीन जना घाइतेलाई उद्धार गरी काठमाडौँ ल्याइसकिएको पनि मन्त्रालयले जनाएको छ ।

आपत्कालीन स्वास्थ्य सेवाका लागि काठमाडौँस्थित सङ्घीय अस्पताल, रक्तसञ्चार केन्द्र, वाग्मती तथा गण्डकी प्रदेशका स्वास्थ्य मन्त्रालय, नेपाल रेडक्रस, लायन्स र नेपाल स्काउटसँग समन्वय भइरहेको मन्त्रालयले जनाएको छ ।

नेपाल रेडक्रस र नेपाल स्काउटमार्फत केही चिकित्सक तथा स्वास्थ्यकर्मी प्रभावित क्षेत्रमा पठाउने तयारी भइरहेको छ । मन्त्रालयले ट्रमा सेन्टरमा कार्यरत छ जना चिकित्सक र दुई जना नर्सलाई प्रभावित क्षेत्रमा पठाइसकेको जनाएको छ । त्यसैगरी, आवश्यक स्वास्थ्य उपकरणसहित एउटा एम्बुलेन्स पनि प्रभावित क्षेत्रतर्फ प्रस्थान गरिसकेको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयका अनुसार रसुवाको धुन्चेस्थित स्वास्थ्य चौकी र रसुवा अस्पतालसँग पनि सहकार्य भइरहेको छ । आपत्कालीन स्वास्थ्यसम्बन्धी सहयोग, जानकारी तथा समन्वयका लागि ११९५ मा सम्पर्क गर्न सकिने मन्त्रालयले जनाएको छ । ***रासस***

।सम्पादकीय।

# विपद्पूर्व सुरक्षित बसोबासको बन्दोबस्त जरुरी

चीनको तिब्बत क्षेत्रमा अत्यधिक वर्षा भएको र चीनतर्फको लेन्डे खोलामा हिमपहिरो गई नदी थुनिएको एक्कासि फुट्दा नेपालको भोटे कोसीमा भेल-बाढी आयो । यसले रसुवा, धादिङ, नुवाकोटका केही भौतिक संरचना र मानव बस्तीमा क्षति पुऱ्याएको सार्वजनिक भयो । सो भेलले त्यस क्षेत्रमा १९ ओटा पुल र ४० किमि सडकमा क्षति पुगेको बताइयो । नेपालको सीमाबाट चीनको तिब्बततर्फ अन्दाजी ७ किमिभित्र लेन्डे खोलामा पहिरो गएको अनुमान गरिएको छ ।

भेल-बाढी रसुवा, धादिङ, नुवाकोट हुँदै दक्षिणतर्फ आउँदा पृथ्वी राजमार्ग र धादिङवेसी जोड्ने मलेखु पुलसमेत बगाइयो । भेल बाढीले रसुवाको टिमुरे, धादिङ, नुवाकोटसम्म जनधनको क्षति भयो । क्षतिको विवरण यकिन भएको छैन । नेपाल पर्यटन बोर्डका अनुसार विदेशी र नेपाली गरी ४०० पर्यटक सम्पर्कविहीन भएको बताइयो । नेपाल प्रहरीका अधिकारी र जवानहरू पनि बेपत्तामा परेको सार्वजनिक भयो ।

चीनतर्फको पहिरोको कारण बन्द भएको लेन्डेखोला अझै पूरा नखोलिएको र नेपालतर्फ भेल-बाढीको जोखिम अझै यथावत रहेको पनि सार्वजनिक भयो । यो प्राकृतिक विपद्सँगै भेल-बाढी प्रभावित जिल्ला रसुवा, धादिङ, नुवाकोटमा खाद्यान्न र इन्धन खरिद गर्नेहरूको घुइँचो बढेको पनि सार्वजनिक भयो । त्रिशुली जलविद्युत्लगायत कतिपय संरचना बगाइएको पनि बाहिरियो । सरकारले विपद्मा परेका जनताको राहतको लागि नुवाकोट र रसुवा जिल्लालाई १-१ करोड रूपैयाँ र धादिङलाई ५० लाख रूपैयाँ उपलब्ध गराउने पनि बतायो । विपद्को बेला भ्रष्टाचार, महँगी, अनियमितता, पक्षपात बढ्नेतर्फ पनि सरकारी संयन्त्र सचेत हुनुपर्दछ ।

भेल-बाढीको कारण भोटेकोसी नदीमा पानीको सतह ५० मिटरमाथि पुगेको प्रत्यक्षदर्शीहरूको भनाइ सार्वजनिक भएको छ । बुधबार बिहान १० बजेतिर आएको भेल-बाढीले ७-८ घण्टामा १६ जनाको मृत्यु भएको सञ्चारमाध्यमले बतायो । केही वर्षअघि उत्तरतर्फको भेल आउँदा मेलम्ची नदीमा यस्तै बाढी आएको थियो । यो भेलले काठमाडौँ उपत्यकाको लागि खानेपानी आपूर्तिको एक मुख्य स्रोत मेलम्ची खानेपानी आयोजनाको मुहान नै छोपेको थियो भने मेलम्ची बजारको एक भाग डुबानमा परेको थियो । त्यस्तै, दुई वर्षअघि असोज १० गतेदेखि १२ गतेसम्मको वर्षाले धुलिखेल-बर्दीवास जोड्ने बीपी राजधानीको पहाडी खण्ड बगाएको अझै पुन:निर्माण रोकिएको छैन ।

नेपालमा बाढी र पहिरो आउने क्षेत्रमा रहेको बस्तीलाई सुरक्षित स्थानमा सार्नुपर्ने विषय उठेको पनि धेरै भयो तर सरकारहरूले वास्ता गरेनन् । यसकारण, विपद्मा जनधनको क्षति बढेको हो । पश्चिम नेपालको कर्णाली नदीको छेउछाउमा पनि सरकारले 'स्मार्ट सिटी' हरू विकास गर्ने योजना राखेको अनुपयुक्त नहुने यतिखेर पुष्टि हुन्छ । कर्णाली नदीको दायाँबायाँ राकम कर्णाली, तल्लो डुङ्गेश्वर, खिड्कीज्युलालगायत बस्तीहरू जोखिममा परेको हुँदा सरकारले तत्काल वैकल्पिक सहरको विकास गर्नु उपयुक्त हुनेछ । देशभरि नै जोखिम क्षेत्रका बस्तीहरू पहिचान गरी सरकारले सुरक्षित स्थानमा बन्दोबस्त गर्न ध्यान दिनुपर्दछ ।

# अन्तर्राष्ट्रिय युवा दिवस र भदौ ९ (कालो दिन) को सम्झना

● रामप्रसाद प्रजापति

**अन्तर्राष्ट्रिय युवा दिवस**

हरेक वर्ष अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भ पारी नेपालमा पनि युवा दिवस मनाउने गरिएको छ । युवा दिवसको मुख्य उद्देश्य युवाको भूमिका, नेतृत्व, सहभागिता, रोजगारी, उद्यमशीलता र अधिकारलाई प्राथमिकतामा ल्याउनु रहेको बताइन्छ ।

यस वर्ष नेपालमा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' भन्ने मूल नाराका साथ युवा दिवस मनाइँदै छ । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले तयार गरेको 'राष्ट्रिय युवा नीति २०८२' पनि छलफलको मुख्य विषय बनेको छ ।

नेपालमा युवाका मुख्य चुनौती रोजगारी र विदेश पलायन रहेको देखिन्छ । करिब ८० लाख युवा विभिन्न बहानामा वैदेशिक रोजगारीमा रहेको अवस्था छ । युवाहरूको पहिलो विकल्प नै विदेश जानु बन्न पुगेको छ । समस्या विदेश जानु परेको भन्दा पनि देशभित्र आफ्नो क्षमता प्रयोग गर्ने पर्याप्त अवसर नहुनु हो ।

दोस्रो, शिक्षालाई श्रमसँग जोड्न नसक्नु ठुलो चुनौती बनेको छ । उच्च शिक्षा हासिल गरेका युवाहरूले रोजगारी नपाउनु भनेको उनीहरूले प्राप्त गरेको शिक्षा अर्थात् ज्ञानको प्रयोग श्रम बजार अथवा रोजगारसँग तालमेल नखानु नै हो । त्यसैले शिक्षा श्रम र सीपसँग जोड्नुको अर्को विकल्प छैन ।

नेपालको संविधानको धारा ४२ (१) ले सामाजिक न्यायको हकअन्तर्गत राष्ट्र विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने र युवाले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण उपयोग गर्न सक्ने वातावरण सृजना गर्ने राज्यको नीति स्पष्ट गरेको छ । शिक्षा, स्वास्थ्य उपचार र रोजगारीलगायत क्षेत्रमा युवालाई विशेष अवसर दिने कुरा पनि उल्लेख छ ।

त्यस्तै संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र रोजगारी रोज्ने स्वतन्त्रता पनि सुनिश्चित गरेको पाइन्छ ।

त्यसैले युवा दिवसको अवसरमा युवाका विषयमा छलफल मात्र नभई युवाको अधिकार, राज्यको दायित्व र त्यसको कार्यान्वयनको अवस्थालाई कानुनी दृष्टिले समीक्षा गर्नु आवश्यक छ ।

यदि नेपालको संविधानले रोजगारीको हक सुनिश्चित गरेको छ भने आज ठुलो सङ्ख्यामा नेपाली युवा रोजगारीका लागि विभिन्न बहानामा विदेश जानुपर्ने बाध्यता किन सृजना भयो ?

युवाको अधिकारलाई रोजगारीमा मात्र नभई गुणस्तरीय शिक्षा, व्यावसायिक तथा प्राविधिक सीप, उद्यमशीलताको असर, सामाजिक सुरक्षा, समान अवसर र नीति निर्माणमा अर्थपूर्ण सहभागिताको पनि आवश्यकता रहन्छ ।

नेपालको संविधानको धारा ५१ (झ) ले राज्यले श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउँदै स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने नीति लिएको पाइन्छ ।

**प्रजातान्त्रिक आन्दोलनहरूमा युवा**

राणा शासनविरुद्ध आवाज उठाउँदै नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना गर्नको लागि भएको आन्दोलनको अग्रपङ्क्तिमा युवाहरू नै थिए । युवाहरूकै जीवन बलिदानबाट देशमा प्रजातन्त्रको स्थापना भएकोमा दुईमत नहोला ।

२०४७ सालमा पञ्चायती निरङ्कुश व्यवस्थाविरुद्ध भएको आन्दोलनमा पनि युवाहरू नै अग्रपङ्क्तिमा थिए । प्रजातन्त्र स्थापनाको लागि भएको आन्दोलनको दोस्रो दिन फागुन ८ गते बिहानै भक्तपुरको प्रसिद्ध ङातापोल्हँ मन्दिर अगाडि टौमढी टोलमा निरङ्कुश पञ्चायती सरकारले चलाएको गोली लागी भक्तपुरका युवाहरूले सहादत प्राप्त गरेका थिए ।

२०५९ सालदेखि सुरु भएको प्रतिगमनविरोधी आन्दोलन र २०६२/६३ मा भएको राजाको प्रत्यक्ष शासन व्यवस्थाविरुद्धको आन्दोलनमा पनि युवाहरूको महत्त्वपूर्ण भूमिका रह्यो । १९ जना युवाहरूले ज्यान बलिदान गरेपछि जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको पुनर्स्थापना भयो । सोही प्रतिनिधिसभाले देशमा राजतन्त्रको अन्त्य र लोकतन्त्र/गणतन्त्र स्थापनाको उद्घोष गऱ्यो ।

गत वर्ष भएको युवाहरूको प्रदर्शनीपछि विकसित घटनाक्रमले नेपालमा निर्वाचनपछि युवाहरूको सरकार बनेको छ ।

**भदौ ९ अर्थात् कालो दिनको भर्त्सना**

नेपालको राजनीतिक इतिहासमा नेपाल मजदुर किसान सङ्गठन (पछि नेपाल मजदुर किसान पार्टी) तथा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

नारायणमान बिजुक्छेँ नेपाल मजदुर किसान पार्टीको मात्रै नेता हुनुहुन्न । उहाँ सम्पूर्ण नेपाली जनताको लागि इमान र वर्गीय हितका लागि जीवनभर निरन्तर सङ्घर्ष गर्दै आउने सादगी नेताका रूपमा देशभित्र र दक्षिण एसियामा प्रख्यात हुनुहुन्छ ।

२०१३ सालदेखि गरिब किसान र मजदुर अर्थात् काम गरी खाने वर्गका जनताका पक्षमा पञ्चायती सरकारभित्र गएर वर्गीय रूपमा किसान र मजदुरको हितमा भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, सहकारी ठगीविरुद्धको आन्दोलन, भ्रष्टाचारविरुद्धको आन्दोलन, देशको सिमानासँग सम्बन्धित सुस्तामा भारतीय अतिक्रमणविरुद्धको आन्दोलनलगायतका काम गर्दै आएका अध्यक्ष रोहितले करिब १० वर्ष निर्वासित जीवन बिताउनुभयो । निर्वासनको समयमा अध्यक्ष रोहितमाथि गोली प्रहार गरी हत्याको प्रयास पनि भएको थियो ।

अध्यक्ष रोहितले २०३१ साल माघ १० गते नेपाल मजदुर सङ्गठनको स्थापना गर्नुभयो । यसैबिच उहाँले २०३६ सालको जनमतसङ्ग्रहको लागि पञ्चायती व्यवस्थाको विरोध गर्दै बहुदलको पक्षमा वकालत गर्नुभयो ।

लेनिनवादी सिद्धान्तबमोजिम प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थाभित्र रहेर वर्गीय रूपमा गरिब तथा काम गरी खाने जनताको पक्षमा उहाँले निरन्तर सङ्घर्ष गर्दै आउनुभयो ।

यसैबिच २०४५ भदौ ५ गते बिहान करिब ५ बजे उदयपुर केन्द्रबिन्दु भएको भूकम्प आयो । शक्तिशाली भूकम्पले भक्तपुरमा पनि ठुलो क्षति पुऱ्याएको थियो ।

भदौ ९ गते राहत वितरणको नाममा भक्तपुरमा प्रमुख जिल्ला अधिकारीको ठाउँमा पूर्वराष्ट्रिय पञ्चायत सदस्य कर्णप्रसाद ह्योजुलाई खाद्यान्नको कुपन वितरण गर्ने जिम्मेवारी दिइएको थियो । ह्योजुले पक्षपात गरेको भन्दै उनलाई बजार परिक्रमा गराइएको थियो । ह्योजुलाई सकुशल प्रहरीको गाडीमा राखिएको थियो । तर, पञ्चायत सरकारकै निर्देशनमा पुन: गाडीबाट निकालेर थप केही सय मिटर अगाडि प्रहरीले नियन्त्रणमा लिएर वीर अस्पताल पुऱ्याए । समयमै उपचार नगरी राति अबेर मृत्यु भएको घोषणा गरियो ।

सोही रातिबाट नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष रोहितलगायतका नेता, कार्यकर्ताहरूलाई पञ्चायती शासकहरूले अमानवीय रूपमा कुटपिट, थुनछेक र पक्राउ सुरु गरे ।

भक्तपुर नगर केही महिना मसानघाटझैँ सुनसान बन्यो । भक्तपुर नगरभित्र महिला, बालबालिका र वृद्धहरूबाहेक अरू कोही थिएनन् ।

युवाहरूमाथि देख्नेबित्तिकै पक्राउ, कुटपिट, अमानवीय व्यवहार हुने हुँदा पञ्चायती सरकारले घटनामा पक्राउ परेका व्यक्तिहरूलाई चरम अमानवीय यातना दिनुका साथै भक्तपुरका अधिकांश युवाहरू भूमिगत हुन बाध्य पारिएको थियो । धेरै युवाहरू पञ्चायती प्रहरीको दमन र अमानवीय रूपमा शारीरिक तथा मानसिक यातना भोग्न बाध्य भएका थिए ।

नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायत ६७ जनाविरुद्ध तत्कालीन मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३ (क) को ६ नं. अनुसार कारबाही माग गरी मुद्दा चलाइयो ।

ह्योजुको शवयात्रा पनि सामान्य अन्त्येष्टिजस्तो देखिएन । तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ, राष्ट्रिय पञ्चायतका अध्यक्षलगायत उच्च सरकारी व्यक्तिहरूसमेत सहभागी भएको शवयात्रामा 'रोहितलाई फाँसी दे' भन्ने नारा लगाइएको थियो ।

उक्त मुद्दा करिब २० महिनासम्म ठुलो राजनीतिक तनावको विषय बन्यो । अन्तत: २०४६ सालको जनआन्दोलनको सफलतापछि पञ्चायती व्यवस्था समाप्त भयो र बहुदलीय व्यवस्था पुन:स्थापना भयो । त्यसपछि २०४७ वैशाख ५ गते भक्तपुर काण्डसम्बन्धी मुद्दा सरकारले फिर्ता लियो । रोहितलगायत थुनामा रहेका व्यक्तिहरू रिहा भएका थिए ।

भक्तपुर काण्डमा तत्कालीन पञ्चायती सरकारले ह्योजुको हत्या राजनीतिक कार्यकर्ताहरूको भिडले गरेको मिथ्या आरोप लगाएको थियो । वास्तविकता अर्कै थियो । वास्तवमा प्रमुख जिल्ला अधिकारीले वितरण गर्नुपर्ने भूकम्प पीडित राहत कुपन पूर्वराष्ट्रिय पञ्चायत सदस्य ह्योजुलाई वितरण गर्न लगाइयो । ह्योजुलाई प्रयोग गरेर रोहित र नेपाल मजदुर किसान पार्टीलाई समाप्त पार्ने राज्यस्तरको षड्यन्त्र पञ्चायती सरकारले गरेको थियो ।

त्यही कालो दिनको स्मरणमा हरेक वर्ष कालो दिवस मनाउँदै आएको पाइन्छ । इतिहास दोहोरिन्छ तर फरक तरिकाले भन्ने भनाइजस्तै वर्गीय समाजमा व्यापक काम गरी खाने जनता, किसान, मजदुर, श्रमिकको शोषण गर्न पल्केकाहरूले जुनसुकै बखत नयाँ नयाँ बहानामा भक्तपुर काण्डजस्ता षड्यन्त्र गर्न सक्ने सम्भावना रहने भएकोले हरपल सचेत र सुरक्षित हुन र निरन्तर वर्गीय शिक्षा, अध्ययन र सङ्घर्षलाई चालू राख्न आवश्यक रहेको अध्यक्ष रोहितको भनाइलाई स्मरण गर्नु आवश्यक छ ।

*२०८३ भदौ ७*

# एसईई परीक्षा नतिजा निकाल्न एक जना विद्यार्थी कति वर्ष पर्खनुपर्ने हो ?



पाठक पत्र

माथिको प्रश्नको उत्तर परीक्षा दिलाउने विद्यालय, परीक्षा केन्द्र पर्ने विद्यालय, विकास शिक्षा तथा समन्वय एकाइ, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा मन्त्रालय वा सरकार कसले दिने हो ? सन्दर्भ भक्तपुर नगरको शान्ति निकेतन माविमा अध्ययनरत एक विद्यार्थी सम्पदा सुनुवार (सिम्बोल नं. ०२८११५७ 'U') ले गत वर्ष दिएको एसईई परीक्षामा गणितमा फेल (NG) भएकोले पुन: परीक्षा दिए । २०८३ असार १ गते पद्म मावि परीक्षा केन्द्रमा गणित विषयको परीक्षा दिए पनि उनको नतिजा केही आएन वा पास भएको जानकारी आएन । नतिजा नआएपछि उनले रिटोटलिङका लागि निवेदन दिए । रिटोटलिङका लागि निवेदन दिएपछि जाँच दिएको कापी हराएको जानकारी दिइयो । परीक्षा केन्द्रले उनी परीक्षामा सहभागी भएको जनाएको छ ।

आफू अध्ययनरत विद्यालयले यस विषयमा चासो दिनुको सट्टा अर्को वर्ष परीक्षा दिनु भन्ने हलुका जवाफ दियो । राष्ट्रिय परीक्षा बोर्डले पनि अर्को वर्ष परीक्षा दिने सल्लाह दियो । १०-१२ वर्ष अध्ययन गरी दिएको परीक्षाको राम्रो नतिजा पाउन कति वर्ष कुर्नुपर्ने हो ? पीडित विद्यार्थीको गुनासो कसले सुन्ने हो ?

विद्यार्थीको परीक्षामा लापरबाही गर्ने शिक्षक/कर्मचारीलाई कसले के कारबाही गर्ने/हुने हो ? परीक्षा केन्द्रमै कापी परीक्षण गर्दा लापरबाही भएको समाचार आयो । पीडित विद्यार्थीको यो घटनाले परीक्षा केन्द्रमा भएको लापरबाही सत्य समाचार भएको प्रस्ट भएन र ?

दैनिक गुजारा गरेर खानुपर्ने विद्यार्थीलाई अर्को वर्ष परीक्षा दिनु भन्नु न्यायोचित हो र ? काम गर्दै पढ्दा परीक्षामा सफल नहुनसक्छ । के उसले एसईई पास गरेको प्रमाणपत्र प्राप्त गर्ने अवस्था नै आएन भने यसको जिम्मेवारी सरकारले लिनुपर्ने होइन र ?

*- पीडित विद्यार्थीका एक आफन्त, भक्तपुर*

# फर्कनेको होइन, बिदेसिनेको लर्को

✍ अर्चना दर्जी

'देश पनि बन्छ, छोरो पनि फर्किन्छ' चुनावी नारासहित झन्डै दुईतिहाइ सीट जितेर गठन भएको सरकारले विदेश पलायन रोक्ने मात्रै होइन, विदेशमा रहेका नेपालीलाई समेत स्वदेश फर्काउने बताएको थियो । तर, रोजगारीको खोजीमा बिदेसिनेको लर्को भने उस्तै छ ।

"देश बिग्रियो, छोरो फर्केन भन्छौ
कि छोरो बिग्रियो, देश फर्केन भन्छौ
बा !
यसपालि भोट नबिगार्नू
देश पनि बन्छ, छोरो पनि फर्कन्छ ।"

गत फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा हाल सरकार हाँकिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का समर्थकहरूले विदेशमा लगाएको नारा हो यो । वैदेशिक रोजगारीमा रहेका नेपाली र रोजगारीको खोजीमा रहेका युवाका परिवारलाई यो नाराले छोयो । जनजीविकासँग जोडिएका यस्तै लोकप्रिय नाराले रास्वपालाई झन्डै दुईतिहाइ बहुमतसम्म दिलायो ।

यस्तो नारा लगाएर मत पाएपछि गठन भएको सरकारले पाँच महिनामा देश बन्छ र छोरो फर्कन्छ भन्ने आशा जगाउनुपर्ने हो । तर, श्रम गन्तव्यका रूपमा रहेका विभिन्न मुलुकमा रोजगारीका लागि जान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडानको समय पर्खिरहेका युवाको लर्कोले त्यस्तो सङ्केत गर्दैन ।

साउन १८ गते विमानस्थलमा लागेको त्यस्तै भीडमा मलेसिया जाने उडानको प्रतीक्षामा थिए- सिराहाका सुरेन्द्रकुमार महतो । निम्न-मध्यम वर्गीय परिवारका महतोको सपना ठुलो छैन । एउटा घर बनाउने र परिवारको दैनिकी चलाउने उनको मुख्य चाहना हो । १० कक्षा पास गरेका २६ वर्षीय महतो यसअघि पनि चार वर्ष मलेसियामा बसेर स्वदेश फर्किएका थिए ।

युवा पुस्ताको आन्दोलनको पुँजी जबरजस्त खिचेर रास्वपाले एकल सरकार बनाएकोले सुरेन्द्रले अब देशमै बसेर परिवार चलाउन सकिने अवस्था बन्ला भन्ने आकलन गरेका थिए । तर, स्वदेश फर्किएको दुई महिना नपुग्दै उनी फेरि बिदेसिन बाध्य भए ।

"देशमै खान-लाउन पुग्ने कमाइ हुने भए किन विदेश जान्थे र !" उनी भन्छन्, "यहाँ जति गरे पनि गुजारा चल्दैन रहेछ । बरु बेलैमा विदेश गए घरखर्च धान्न त सकिन्छ ।"

ललितपुरको पाराडाइज मेनपावरमा २०८३ साउन २० गते करिब सय युवाहरू अन्तर्वार्ताका लागि पालो कुरिरहेका थिए । तिनैमध्ये एक, उदयपुर कटारीका २५ वर्षीय विशेष दनुवार पनि दुबई जाने प्रयासमा थिए । उनी सिनामङ्गलको एउटा रेस्टुराँमा 'किचेन हेल्पर'को काम गर्थे । तर, मासिक १५ हजार रुपैयाँको तलबले खान-बस्नै धौधौ भएपछि उनले विदेश जाने सोच बनाएका हुन् । उनले भने, "नेपालमा जति काम गरे पनि पैसा कमाउन सकिएन दिदी ! विदेशमा मेहनतअनुसार पैसा पाइएला भन्ने आशा छ ।"

यस्तै आशामा पर्सा श्रीपुरका २० वर्षीय रामप्रवेश शाह पनि अन्तर्वार्ता दिने पालो कुरिरहेका थिए । दुबई जाने तयारीमा रहेका उनले नेपालमा कुनै रोजगारी नपाएपछि विदेश जान लागेको बताए । उनका साथी २५ वर्षीय समीर शाह पनि विदेश जाने तयारीमा थिए । इन्जिनियरिङ पढेका समीरले नेपालमा जागिर खोज्दै निकै भौंतारिएको, तर न्यूनतम तलबमै भए पनि काम नपाएको बताए । आफ्नो योग्यताअनुसारको जागिर नपाएपछि विदेश जाने योजना बनाएको उनले सुनाए ।

"पढेको छु, काम गर्न सक्छु, क्षमता पनि छ । तर जागिर नै नपाएपछि के गर्नु ?"

निर्वाचनमा 'देश पनि बन्छ र छोरा पनि फर्किन्छ' भन्दै परिवारलाई भोट हाल्न लगाएका युवाहरू अहिले बढ्दो महँगीका कारण विदेशमै रोजगारीको म्याद थपेर बस्नुपर्ने अवस्थामा छन् । राहदानी विभागदेखि रोजगारीमा पठाउने कम्पनी र विमानस्थलसम्म जहाँतहीँ युवा भेटिन्छन् - सबैको एउटै हतारो छ, विदेश जाने ।

पछिल्ला महिनाहरूमा हरेक महिना करिब ७० हजार युवा वैदेशिक रोजगारीको लागि बिदेसिइरहेका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार, सरकार गठनपछिको पहिलो महिना वैशाखमा मात्रै ७४ हजारभन्दा बढी युवाहरू रोजगारीका लागि बिदेसिएका थिए । जेठमा ६१ हजारभन्दा बढी, असारमा करिब ७० हजार र साउनमा ७० हजार ४४१ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

रोजगारीको खोजीमा देश छाड्ने युवाको सङ्ख्या वर्षैपिच्छे बढिरहेको छ । पछिल्लो १० आर्थिक वर्षको तथ्याङ्कले पनि यही अवस्था देखाउँछ । आर्थिक वर्ष २०७२/७३ मा ६ लाख ४० हजार र २०७३/७४ मा ६ लाख ४२ हजारभन्दा बढी युवा रोजगारीका लागि बिदेसिएका थिए । त्यसपछिका केही आर्थिक वर्षमा सङ्ख्या केही घटे पनि २०७८/७९ यता हरेक वर्ष सात लाखभन्दा बढी युवा कामको खोजीमा देश छाडिरहेका छन् ।

गत आर्थिक वर्षमा २०८२ भदौ २४ गते भएको विध्वंस र २०८२ फागुनदेखि सुरू भएको इरान युद्धका कारण नेपाली युवाका प्रमुख श्रम गन्तव्य खाडी मुलुकतर्फ जानेको सङ्ख्या भने घटेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार, त्यसअघि दैनिक करीब दुई हजारभन्दा बढीले संस्थागत, एक हजार १०० भन्दा बढीले पुन: श्रम स्वीकृति र करिब ३५० जनाले व्यक्तिगत श्रम स्वीकृति लिने गरेका थिए । तर, इरान युद्धका कारण धेरैको भिसा रद्द हुनुका साथै कतिपयको वैदेशिक रोजगारीको प्रक्रिया नै रोकिएको थियो । यति हुँदाहुँदै पनि विदेश जाने युवाको सङ्ख्यामा ठुलो अन्तर देखिएको छैन । श्रम स्वीकृति लिनेको सङ्ख्या अझै उल्लेख्य छ ।

सरकार गठनपछिका चार महिनामा विदेश जाने युवाको सङ्ख्या घटेको छैन, बरु निरन्तर उच्च रहँदै आएको छ । २०८३ वैशाखमा ७४ हजार ४००, जेठमा ६१ हजार, असारमा ६९ हजार ३०० र साउनमा ७० हजार ४०० भन्दा बढी युवा वैदेशिक रोजगारीका लागि बिदेसिएका हुन् ।

**मतको बदला उठिबास**

२०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा रास्वपा सभापति रवि लामिछानेले बिदेसिएका युवालाई स्वदेश फर्काउने प्रतिबद्धता जनाएका थिए । उनले भनेका थिए, "हामीले सरकार बनायौँ भने कम्तीमा १०० दिनभित्र १०० जना युवालाई फ्री टिकटमा यो देशमा रोजगारी दिन विदेशका गल्ली-गल्लीमा स्टीकर टाँस्नेछौं । १०० दिनभित्र विदेशमा बसेका क्षमतावान् मानिसहरूलाई उनीहरूले विदेशमा पाएजस्तै सेवासुविधा दिएर 'यो देश फर्कने सुवर्ण अवसर हो' भनेर अस्ट्रेलियाका गल्ली-गल्लीमा, युरोपका गल्ली-गल्लीमा, अमेरिकाका गल्ली-गल्लीमा पोस्टर टाँस्न म आफैं जानेछु र १०० जनाबाट यो यात्रा सुरू हुनेछ ।"

त्यतिबेलै विदेशमा रहेका युवालाई स्वदेश फर्काउने आश्वासन दिएको रास्वपाले अहिले एकल सरकार चलाइरहेको छ । तर, चुनावमा बाँडेको त्यो आश्वासन कहिले पूरा हुन्छ भन्ने जवाफ भने सरकारले दिन सकेको छैन ।

५२ वर्षीया हरिमाया जिम्बाका २९ वर्षीय छोरा प्रकाश जिम्बा र ३५ वर्षीय ज्वाइँ रेशमान तामाङ अहिले रोमानियामा छन् । एक वर्षअघि बिदेसिएका उनीहरूले गत फागुनको चुनावमा रास्वपाको चुनाव चिह्न घण्टीमा भोट हाल्न परिवारलाई दबाब दिएका थिए । घण्टीमा भोट नदिए सम्बन्ध नै बिग्रिने भन्दै उनीहरूले घुर्क्याएका थिए । घण्टीमा भोट दिए आफूहरू पनि छिट्टै विदेशबाट फर्किने र स्वदेशमै रोजगारी गरेर बस्ने आश्वासन उनीहरूले परिवारलाई दिएका थिए ।

"विदेशबाटै फोन गरेर घण्टीमा भोट हाल्न मरिहत्ते गरे । पुरानोलाई होइन, नयाँलाई भोट हाल्नू भने । 'जो आए पनि उस्तै हो' त भनें, तर छोरा र ज्वाइँले मान्दै मानेनन्," हरिमायाले सुनाइन्, "घण्टीले जिते देशमै काम पाइन्छ अरे ! अनि हामी पनि फर्किन्छौं भनेका थिए । तिनैको कुरा सुनेर घण्टीमा भोट हालेकी थिएँ, तर अर्कै दु:ख आइलाग्यो ।"

रास्वपाले चुनाव जित्यो, तर हरिमायाका छोरा र ज्वाइँ भने फर्किएका छैनन् । बरु, सरकार गठन भएको केही दिनमै उनले थापाथलीको सुकुमवासी बस्तीबाट उठीबासको सामना गर्नुपर्‍यो । त्यसपछि उनीहरूलाई थप म्याद थपेर बस्नुपर्ने अवस्था आयो ।

प्रकाश र रेशमान मात्रै होइनन्, "रास्वपाको सरकार बनेपछि देश फर्किन्छौँ भनेका धेरै युवा अझै विदेशमै छन् । यसबिच नेपाल फर्किएका केही युवा पनि पुन: श्रम स्वीकृति लिएर विदेश जानेको लाइनमा थपिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार पछिल्ला वर्षमा पुन: श्रम स्वीकृति लिनेको सङ्ख्या झन् बढ्दै गएको छ । आर्थिक वर्ष २०८०/८१ मा दुई लाख ८१ हजार, २०८१/८२ मा तीन लाख ३३ हजारभन्दा बढीले पुन: श्रम स्वीकृति लिएका थिए । २०८२/८३ मा यो सङ्ख्या बढेर तीन लाख ८५ हजार ७८३ पुगेको छ । चालू आर्थिक वर्ष २०८३/८४ को साउनमा मात्रै २७ हजार ७४८ जनाले पुन: श्रम स्वीकृति लिएका छन् ।

**रोजगार दशक मनाउँदै छ सरकार**

देशमै रोजगारीका अवसर सिर्जना गर्ने र युवाको सीप तथा क्षमतालाई स्वदेशमै उपयोग गर्ने वाचासहित गठन भएको सरकारले त्यसका लागि के गर्दै छ त ? युवा श्रम तथा रोजगार मन्त्रालयका अनुसार सरकारले २०८३ देखि २०९२ सम्मलाई 'रोजगार प्रवर्द्धन दशक' का रूपमा अघि बढाउने तयारी गरेको छ ।

मन्त्रालयका सहायक प्रवक्ता तथा सूचना अधिकारी जगदीश पराजुलीले भने, "योजनाअनुसार रणनीति बनाउने काम भइरहेको छ । १० वर्षभित्र एकीकृत रूपमा रोजगारी प्रवर्द्धन गर्ने सरकारको लक्ष्य छ ।"

उल्लेखित दशक मनाउनकै लागि सरकारले 'रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३' पनि बनाएको छ । स्थानीय तहमै एकीकृत रूपमा रोजगार प्रवर्द्धन गर्ने र यसअघि रहेका 'रोजगार सेवा केन्द्र'लाई 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र'मा रूपान्तरण गर्ने उद्देश्यले कार्यविधि बनाइएको प्रवक्ता पराजुलीको भनाइ छ ।

मन्त्रालयका अनुसार, कार्यविधिले बेरोजगार वा रोजगारीको खोजीमा रहेका, सीप सिक्न इच्छुक, वैदेशिक रोजगारीबाट फर्किएका, स्वरोजगार तथा उद्यम गर्न चाहने र राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचिकृत गरेका व्यक्ति वा समुदायलाई लक्षित गरेको छ ।

त्यस्तै, सरकारले निजी क्षेत्रसँग सहकार्य गरी रोजगारदाताकै प्रत्यक्ष संलग्नतामा सीप तथा दक्षता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । वैदेशिक रोजगारीमा जान चाहनेलाई आप्रवासनसम्बन्धी सेवा दिने तथा विभिन्न निकायबाट उपलब्ध हुने रोजगारमूलक र उद्यमशीलतासम्बन्धी सहुलियतपूर्ण कर्जा तथा सुविधाबारे जानकारी र वित्तीय परामर्श उपलब्ध गराउने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ ।

त्यस्तै, स्थानीय तहले श्रम बजारको माग र क्षेत्रगत आवश्यकताअनुसार 'सीप मेला' र 'रोजगार मेला' सञ्चालन गर्ने भनिएको छ । यस्ता मेलामा रोजगारदाता, सङ्घसंस्था तथा अन्य सरोकारवाला सहभागी हुने प्रस्ताव छ । यसरी बेरोजगारलाई रोजगारी र रोजगारदातालाई आवश्यक जनशक्ति उपलब्ध गराउने गरी कार्यविधि बनाइएको सरकारी दाबी छ । २०८३/०८४ को बजेटमै सरकारले यी विषय समेटेको छ ।

सरकारले कार्यविधि र बजेट ल्याए पनि आफ्नै वाचाअनुसार देशभित्रै रोजगारी सिर्जनामा तत्काल र प्रत्यक्ष प्रभाव पार्ने ठोस कार्यक्रम भने देखिँदैनन् । दीर्घकालमा व्यापार-व्यवसाय सहज बनाउन केही नीतिगत पहल गर्न खोजेको भने देखिन्छ । साना तथा मझौला उद्योगीको वित्तीय पहुँच सुनिश्चित गर्न 'पहिलो नोक्सान भरण' (फर्स्ट लस रिकभरी) हुने गरी कर्जा सुरक्षण गर्ने आश्वासन सरकारले दिएको छ । नेपालको विद्यमान अपार ऊर्जा क्षमतालाई कृत्रिम बुद्धिमत्ता (एआई) को विकासमा प्रयोग गरी सीपयुक्त रोजगारी, डिजिटल निर्यात र एआईमा आधारित आर्थिक रूपान्तरणको जग निर्माण गर्ने पनि भनेको छ । तर, यस्ता घोषणा र दीर्घकालीन योजनाले अर्धदक्ष तथा उच्च शिक्षा हासिल गर्न नपाएका लाखौं युवालाई तत्काल देशभित्रै रोजगारी मिल्न सम्भव देखिँदैन ।

सरकारका यी योजना तथा कार्यक्रम आकर्षक सुनिन्छन् । तर, सँगै तीन वटा प्रश्न पनि उठेका छन् । पहिलो - रोजगारी र साना व्यवसायमा सहयोग खोजिरहेका युवाहरूलाई यस्ता घोषणाले समेट्ला ? दोस्रो - घोषणा गरिएका कार्यक्रम कार्यान्वयनमा आउला ? तेस्रो - देशमा रोजगारी नपाएर भौँतारिँदै विदेश भासिनेको सङ्ख्यामा कमी आउला ?

श्रमविज्ञ गणेश गुरुङ वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या घटाउने नारा ६५ वर्षदेखि सुनेको बताउँछन् । "जहिले पनि सबै पार्टीले लगाउने चुनावी नारा यही हो", गुरुङ भन्छन्, "तर, काम खोज्दै विदेश जानेको सङ्ख्या घट्नुको साटो बढिरहेकै छ ।" देशमै रोजगारी सिर्जना गर्ने बताएको वर्तमान सरकारले पनि अहिलेसम्म कुनै पहल नगरेको उनी बताउँछन् ।

"रोजगारी सिर्जना गर्छु भनेको सरकारले कसरी गर्ने पनि भन्नुपर्थ्यो, ठोस योजना पनि देखाउनुपर्थ्यो, तर देखाइएन । रोजगारी सिर्जना गर्ने मोटो कुरा गरेर मात्रै युवालाई देशमा राख्न सम्भव हुँदैन", गुरुङले भने, "अरू सरकारले भन्दा यो सरकारले केही गर्ला भन्ने आशा चाहिं गरेको हो, तर स्वदेशमै रोजगारी वृद्धि गर्ने योजना, तालिका र बजेटसहित कार्यक्रम आएन ।"

रोजगारी सिर्जना गरेर देशमा युवा जनशक्तिलाई देशमै राख्ने भनी दिएको आश्वासनमा भर पर्ने आधार नदेखिएको गुरुङ बताउँछन् । उनले थपे, "एउटा कपडा कारखाना आर्मीले चलाउँदैमा आम नागरिकले रोजगारी पाउने होइन ।"

सरकारले देशमै रोजगारीको सिर्जना गर्ने र युवाशक्तिलाई देशमै राख्ने भनेर दिएको आश्वासनमा संशय रहेको वैदेशिक रोजगार व्यवसायी महासङ्घका महासचिव हरिबहादुर डाँगी बताउँछन् ।

"नेपालमा हरेक सरकारले वर्षौंदेखि देशमै रोजगारीको सिर्जना गर्ने र युवाशक्तिलाई देशमै राख्ने आश्वासन दिन्छ तर त्यो कत्तिको दिगो हुन्छ?" उनी प्रतिप्रश्न गर्छन्, "एउटा श्रमिकले नेपालमा बसेर उसले जीवनयापन गर्न सक्ने सेवासुविधा पाउँछ त ?"

नेपालमा कमाएको आम्दानीबाट जीवन चलाउन सक्ने अवस्था अझै पनि बनाउन कठिन भएको उनको भनाइ छ । उनका अनुसार एउटा कामदारले पाउने तलबले यहाँ जीवन धान्न र त्यो आम्दानी दिगो हुन्छ कि हुँदैन भन्ने महत्त्वपूर्ण कुरा हो । "विदेशमा दैनिक चार-पाँच घण्टा काम गर्दा महिनामा ५०-६० हजार रुपैयाँ तलब पाइन्छ भने त्यो व्यक्ति विदेश जाँदैन त ?" उनी भन्छन् ।

सरकारले नेपालमै रोजगारी सिर्जना गर्ने भनेको कुरा आकर्षक भए पनि दैनिक जीवन चलाउन पुग्ने आम्दानीको सुनिश्चितता नभएसम्म बिदेसिनेहरू नरोकिने उनी बताउँछन् ।





प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिको राजनीतिक ब्युरोको बैठकमा जरुरी निर्देशन दिँदै पार्टी महासचिव किम जोङ उन अगस्ट २५, २०२६ को दिन । बैठकमा कोमपाको राजनीतिक ब्युरोको अध्यक्ष मण्डलका सदस्यहरू र कोमपाको राजनीतिक ब्युरोका सदस्यहरू र वैकल्पिक सदस्यहरू उपस्थित थिए । पर्यवेक्षकका रूपमा मन्त्रिपरिषद्का उपप्रधानमन्त्रीहरू, प्रमुख मन्त्रीहरू, राष्ट्रिय रक्षा मन्त्रालयका कमाण्डिङ अफिसरहरू र पार्टीका सम्बन्धित विभागका वरिष्ठ अधिकारीहरूको उपस्थिति थियो । *तस्बिर : केसिएनए*

# हर्मुज खोल्न नाकाबन्दी हट्नुपर्ने इरानको सर्त

तेहरान, २६ अगस्ट (एएफपी) । इरान र ओमानले हर्मुज जलडमरुमा अस्थायी नौवहन मार्ग सञ्चालन तथा समुद्री माइन सफा गर्ने विषयमा छलफल अघि बढाए पनि इरानले अमेरिका-इरान युद्ध अन्त्य र अमेरिकी नाकाबन्दी हटेपछि मात्र जलमार्ग पूर्ण रूपमा खोल्ने अडान राखेको छ ।

तेहरानमा भएको वार्तामा इरानका विदेशमन्त्री अब्बास अराघची र ओमानका विदेशमन्त्री बद्र अलबुसाइदीले अस्थायी नौवहन मार्ग स्थापना तथा माइन हटाउने संयुक्त परियोजनासहित 'चरणबद्ध ढाँचा' बारे छलफल गर्नुभएको हो । अलबुसाइदीले अस्थायी मार्गबारे छिट्टै घोषणा हुन सक्ने बताउँदै स्थायी नौवहन, सूचना आदानप्रदान, यातायात व्यवस्थापन र सुरक्षासम्बन्धी विषयमा प्राविधिक वार्ता जारी रहने जानकारी दिनुभयो ।

तर इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले हर्मुजबाट कुनै पनि सैन्य जहाजलाई आवागमन गर्न नदिने चेतावनी दिनुभएको छ । उहाँले अमेरिका युद्ध अन्त्य गरी नाकाबन्दी हटाएपछि मात्र जलडमरु पुनः खोल्ने विषयमा अघि बढ्न सकिने बताउनुभयो ।

सामान्य अवस्थामा हर्मुजबाट विश्वको करिब पाँचौं भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास निर्यात हुने गर्छ । लामो समयदेखि जारी क्षेत्रीय युद्धका कारण समुद्री यातायात प्रभावित हुँदा विश्व ऊर्जा बजारमा समेत असर परेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी नौसेनाले हर्मुजमा रहेका सबै माइन हटाएको दाबी गर्नुभए पनि घारिबाबादीले त्यसलाई अस्वीकार गर्दै अमेरिकी माइनस्वीपर प्रवेश गरे कारबाही गर्ने चेतावनी दिनुभयो ।

यसैबिच, अमेरिकाले इरानमाथि थप प्रतिबन्ध घोषणा गरेको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले इरानलाई आर्थिक रूपमा अलग पार्ने अभियान जारी रहने बताउनुभएको छ । नयाँ प्रतिबन्धले डिजिटल सम्पत्ति, प्रविधि, सुन, उड्डयन तथा ढुवानी क्षेत्रलाई लक्षित गरेको छ । इरानले पनि अमेरिकी आर्थिक हितलाई लक्षित गरी जवाफ दिने चेतावनी दिएको छ ।

हर्मुजको सम्भावित दीर्घकालीन अवरोधले विश्व व्यापार र ऊर्जा आपूर्तिमा थप असर पार्ने चिन्ता बढिरहेका बेला अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य भने बुधबार केही घटेको छ ।

# खाद्य सुरक्षामा तत्काल कदम चाल्न भारतको आग्रह

न्युयोर्क, २६ अगस्ट (एएनआई) । द्वन्द्वका कारण ऊर्जा, मल, समुद्री यातायात र कृषि व्यापारमा भइरहेको अवरोधले विश्वव्यापी खाद्य सुरक्षामा जोखिम बढाएको भन्दै भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई मानवीय असर न्यूनीकरणका लागि तत्काल कदम चाल्न आग्रह गरेको छ ।

सुरक्षा परिषद्को खुला बहसमा भारतका स्थायी प्रतिनिधि पी हरिशले द्वन्द्वको प्रभाव युद्धस्थलमा मात्र सीमित नरहेको बताउनुभयो । ऊर्जा बजार, मल आपूर्ति, समुद्री यातायात तथा कृषि व्यापारमा अवरोध हुँदा क्षेत्रीय द्वन्द्वले विश्वव्यापी खाद्य सङ्कट निम्त्याउन सक्ने उहाँले बताउनुभयो ।

उच्च आयातमा निर्भर विकासोन्मुख मुलुकले यसको बढी भार बोक्नुपरेको उल्लेख गर्दै उहाँले सुरक्षित, द्रुत र निर्बाध मानवीय पहुँच सुनिश्चित गर्न तथा द्वन्द्व समाधानका प्रयासलाई समर्थन गर्न सुरक्षा परिषद्सँग आग्रह गर्नुभयो । परिषद्का प्रतिबन्धले मानवीय सहायता तथा वैध खाद्य र कृषि व्यापारमा अनावश्यक अवरोध पुऱ्याउन नहुने उहाँको भनाइ थियो ।

हरिशले भारतले खाद्य सुरक्षाका लागि सञ्चालन गरेका कार्यक्रमबारे जानकारी दिँदै राष्ट्रिय खाद्य सुरक्षा ऐन तथा प्रधानमन्त्री-किसान कार्यक्रमले करोडौं कृषक परिवारलाई आर्थिक उत्थानमा सहयोग पुऱ्याएको बताउनुभयो । जलवायु अनुकूल कृषि र डिजिटल पूर्वाधारले भारतलाई विश्व खाद्य आपूर्तिमा योगदान गर्न सक्षम बनाएको उहाँले उल्लेख गर्नुभयो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कृष्ण सागर, हर्मुजको जलडमरु र लाल सागरलाई विश्व खाद्य आपूर्तिका प्रमुख जोखिम क्षेत्रका रूपमा उल्लेख गर्नुभयो । युक्रेन युद्धले अन्न तथा ऊर्जा निर्यात प्रभावित भएको र हर्मुज तथा लाल सागरको अवरोधले वस्तुको मूल्य तथा आपूर्ति शृङ्खलामा असर पारेको उहाँले बताउनुभयो ।

हर्मुजमा मल र खाद्यान्नको सुरक्षित प्रवाहका लागि संयुक्त राष्ट्रसङ्घले संरक्षित मार्गसम्बन्धी पहल अघि सारेको जानकारी दिँदै गुटेरेसले सम्बन्धित पक्षलाई सहयोग र राजनीतिक इच्छाशक्तिका साथ सहभागी हुन आग्रह गर्नुभयो ।

विश्व खाद्य कार्यक्रमका कार्यवाहक कार्यकारी निर्देशक कार्ल स्काउले समुद्री व्यापारमा गम्भीर अवरोध आए लाखौं मानिस खाद्य असुरक्षामा धकेलिन सक्ने चेतावनी दिनुभयो ।

# एल निनोले बढायो खडेरीको जोखिम

सान साल्भाडोर, २६ अगस्ट (एएफपी) । मध्य अमेरिकामा एल निनोका कारण वर्षा घटेर गम्भीर खडेरी र खाद्य सङ्कटको जोखिम बढेपछि पनामा र एल साल्भाडोरले आपत्कालीन सतर्कता घोषणा गरेका छन् । पानीको सतह घटेपछि पनामा नहरमा जहाज आवागमन प्रभावित भएको छ भने एल साल्भाडोरमा वर्षाको अभावले कृषि उत्पादनमा क्षति पुगेको छ ।

पनामा मङ्गलबार एल निनोका कारण आपतकालीन अवस्था घोषणा गर्ने होन्डुरस र एल साल्भाडोरपछिको तेस्रो मध्य अमेरिकी देश बनेको हो । पनामाका गृहमन्त्री डिनोस्का मोन्टाल्वोले घोषणाले एल निनोबाट आउन सक्ने जोखिम सामना गर्न आवश्यक तयारी गर्न सहज हुने बताउनुभयो । गम्भीर खडेरीले कृषि उत्पादनमा क्षति पुऱ्याएपछि खाद्य अभाव र अनिकालको चिन्ता बढेको उहाँले बताउनुभयो ।

यसैबिच, एल साल्भाडोरले प्रभावित समुदायको निगरानी तथा सहायता तीव्र पार्दै देशभर मौसमजन्य र कृषि खडेरीका लागि 'रेड अलर्ट' घोषणा गरेको छ । वर्षाको अभावले बाली नष्ट भएपछि सिँचाइ सुविधा नभएका ग्रामीण परिवारलाई कृषि मन्त्रालयले खाद्यान्न सहयोग उपलब्ध गराउने जनाएको छ ।

एल निनो मध्य तथा पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतहको तापक्रम बढ्ने मौसमी अवस्था हो । यसले हावा र वर्षाको ढाँचामा परिवर्तन ल्याएर विभिन्न क्षेत्रमा असामान्य मौसम निम्त्याउँछ । मध्य अमेरिकामा यसको प्रभावसँगै होन्डुरसले आफ्नो करिब ८० प्रतिशत भूभागमा सतर्कता अपनाएको छ ।

एल साल्भाडोरका धेरै नगरपालिका होन्डुरस र निकारागुआका केही भागसमेत समेटिएको 'सेन्ट्रल अमेरिकन ड्राई करिडोर' मा पर्छन् । यस क्षेत्रमा खडेरीसँगै तापक्रमसमेत बढेको छ । पनामा, एल साल्भाडोर र होन्डुरसले जुन र जुलाईमा मासिक तापक्रमका कीर्तिमान तोडेका छन् भने एल साल्भाडोरमा अगस्टमा मात्रै १४ तापक्रम कीर्तिमान कायम भएका छन् ।

यसैगरी, पेरुले गत साता एल निनोबाट प्रभावित करिब एकतिहाइ सहरमा आपत्कालीन अवस्था घोषणा गरेको थियो । तीव्र गर्मी र असामान्य वर्षाले कृषि तथा खाद्य उत्पादनमा क्षति पुऱ्याउन सक्ने भन्दै त्यहाँ पनि सतर्कता बढाइएको छ ।

## विश्व सङ्क्षेप

# चालक दलका २२ जना अझै बेपत्ता

मुम्बई, २६ अगस्ट (एएफपी) । बङ्गालको खाडीमा पनामाको झण्डा बोकेको मालवाहक जहाज डुब्दा बेपत्ता भएका २२ जना चालक दलका सदस्यको खोजीमा भारतसँगै चीन पनि सहभागी भएको छ । भारतीय तटरक्षकका अनुसार चीनको समुद्री उद्धार समन्वय केन्द्रसँग सहकार्य गरी खोजी तथा उद्धार अभियान तीव्र पारिएको छ ।

एमभी ओसन विनर गत शनिबार ओडिसाको पारादीप बन्दरगाहबाट सिङ्गापुरतर्फ जाने क्रममा भारतको विशाखापट्टनमबाट करिब ७०० किलोमिटर पूर्वमा सङ्कटको सूचना पठाएर डुबेको थियो । जहाजमा २० चिनियाँसहित २४ जना चालक दलका सदस्य थिए । म्यान्माका तीन र बङ्गलादेशका एक जना पनि चालक दलमा थिए । हालसम्म दुई जनाको उद्धार भए पनि २२ जना बेपत्ता छन् ।

भारतीय तटरक्षकका प्रवक्ता कमान्डेन्ट अमित उनियालले जहाजसँग सम्बन्धित आपत्कालीन बत्ती र एउटा लाइफबोट फेला परेको तर त्यसमा कोही नभेटिएको बताउनुभएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार दुई चिनियाँ जहाज पनि खोजीमा सहभागी भएका छन् । जहाज डुब्नुको कारण भने खुल्न सकेको छैन ।

# पाकिस्तानको अस्पतालमा आगलागी १४ जना नवजात शिशुको मृत्यु

इस्लामाबाद, २६ अगस्ट (सिन्हुवा) । पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्सेजको स्त्रीरोग वार्डमा बुधबार आगलागी हुँदा कम्तीमा १४ जना नवजात शिशुको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सुरक्षाका कारण नाम नछाप्ने सर्तमा प्रत्यक्षदर्शीहरूले अस्पतालको तेस्रो तलाको स्त्रीरोग वार्ड क्षेत्रमा स्थानीय समयअनुसार बिहान लगभग ६:४० मा आगलागी भएको जनाएका छन् । उनीहरूका अनुसार त्यहाँ नवजात शिशुहरूलाई राखिएको थियो ।

अग्नि नियन्त्रक कर्मचारी, एम्बुलेन्स र प्रहरी घटनास्थलमा पुगेपछि उद्धार कार्य सुरु गरिएको अस्पताल प्रशासनले जनाएको छ । आगलागी भएको वार्डबाट धेरै बालबालिकाहरूलाई उद्धार गर्न सफल भएकोसमेत बताइएको छ ।

स्रोतका अनुसार सुरुमा नौ बालबालिकाको घटनास्थलमै मृत्यु भएको थियो भने अन्य घाइतेहरूलाई बाल वार्डमा सारेर उपचार सुरु गरेपछि मृत्यु भएको थियो ।

प्रहरीले आगलागीको कारण र हताहतको बारेमा सही विवरणहरू सङ्कलन जारी राखेको छ भने उद्धार कार्य अझै जारी छ ।

# अमेरिकी सामानमा क्यानाडाको प्रतिशुल्क

ओटावा, २६ अगस्ट (एएफपी) । अमेरिका-क्यानाडा व्यापार विवाद थप चर्किएको छ । क्यानाडाले अमेरिकी सामानमा १५ देखि ५० प्रतिशतसम्म प्रतिशुल्क लगाउने घोषणा गरेको छ । यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले क्यानाडाली सामानमा उच्च शुल्क लगाएपछि चालिएको हो ।

क्यानाडाको प्रतिशुल्क सेप्टेम्बर ८ देखि लागू हुनेछ । अर्थमन्त्री फ्रान्कोइस-फिलिप च्याम्पेनका अनुसार अमेरिकी शुल्कअनुसार १५, २५ र ५० प्रतिशतका दरमा प्रतिशुल्क लगाइनेछ । यसबाट इस्पात, आल्मुनियम, दुग्धजन्य पदार्थ, माछा, इलेक्ट्रोनिक्स तथा घरेलु उपकरण प्रभावित हुनेछन् । क्यानाडाले व्यापार विवादबाट प्रभावित कम्पनी र कामदारका लागि पाँच अर्ब ४० करोड अमेरिकी डलरको सहायता प्याकेजसमेत घोषणा गरेको छ ।

उद्योगमन्त्री मेलानी जोलीले क्यानाडालीलाई स्वदेशी व्यवसायलाई प्राथमिकता दिन आग्रह गर्दै नयाँ व्यापारिक साझेदार खोज्ने बताउनुभयो । ट्रम्प प्रशासनले क्यानाडाली अटोमोबाइलमा शुल्क ५० प्रतिशतसम्म बढाए त्यसको प्रतिकार गर्ने चेतावनी पनि उहाँले दिनुभयो ।

ट्रम्पले सन् २०२७ देखि क्यानाडाली अटोमोबाइलमा गैरअमेरिकी सामग्रीका लागि शुल्क २५ प्रतिशतबाट बढाएर ५० प्रतिशत पुऱ्याउने चेतावनी दिनुभएको छ । ओन्टारियोका प्रिमियर डग फोर्डले त्यसको विरोध गर्दै अमेरिकालाई विद्युत् निर्यातमा थप शुल्क लगाउने चेतावनी दिनुभएको छ । ट्रम्पले क्यानाडालाई अमेरिकाको ५१ औं राज्य बनाउने अभिव्यक्ति दोहोऱ्याउँदै प्रधानमन्त्री मार्क कार्नीलाई 'गभर्नर' समेत भन्नुभएको छ ।

अमेरिकी नयाँ शुल्कले करिब २० अर्ब डलर बराबरका क्यानाडाली सामान प्रभावित हुनेछन् । अक्सफोर्ड इकोनोमिक्सका अनुसार अमेरिकी बजारमा क्यानाडाली निर्यातको प्रभावकारी शुल्कदर ५.१ प्रतिशतबाट ६.९ प्रतिशत पुगेको छ । प्लास्टिक, विद्युतीय मेसिनरी, काठ र कागजजन्य उत्पादनमा यसको प्रभाव बढी पर्ने अनुमान छ ।

अमेरिका क्यानाडाको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो र क्यानाडाको कुल निर्यातको करिब ७० प्रतिशत अमेरिकी बजारमा जाने गर्छ । व्यापार तनावबिच एङ्गस रिड इन्स्टिच्युटको सर्वेक्षणले अमेरिकी दबाबबिच प्रधानमन्त्री कार्नीले वार्ताबाट पछि हटेको कदमलाई क्यानाडालीले व्यापक समर्थन गरेको देखाएको छ । यद्यपि, आर्थिक परिणामप्रति चिन्ता पनि छ ।

ह्वाइट हाउसले क्यानाडाले अमेरिकी मदिरा, अटोमोबाइल र दुग्ध उत्पादनमा नयाँ शुल्क लगाएर 'भेदभावपूर्ण व्यवहार' गरेको आरोप लगाएको छ । पछिल्लो प्रतिशुल्कसँगै दुई परम्परागत सहयोगीबिचको व्यापार विवाद अझ गहिरिने सङ्केत देखिएको छ ।

# ख्वप कलेज अफ इन्जिनियरिङको तेस्रो कलेज सभा सम्पन्न

भक्तपुर, १० भदौ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको तेस्रो कलेज सभा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बुधबार सम्पन्न भयो ।

सभामा प्रमुख प्रजापतिले २०६५ सालमा स्थापना भएको कलेजले स्थापनाको उद्देश्यअनुसारको उपलब्धि हासिल गर्दै आएको बताउनुभयो ।

जनप्रतिनिधि नभएको अवस्थामा कलेजले ठूला चुनौतीहरू पार गर्दै देशकै आशाको केन्द्रका रूपमा स्थापित हुन सफल भएको बताउँदै उहाँले नगरपालिकाले सञ्चालन गरेको ख्वप सर्कलअन्तर्गतका कलेजमा अध्ययन गर्न विद्यार्थीबिच प्रतिस्पर्धा हुने गरेको उल्लेख गर्नुभयो ।

कलेज स्थापना र विकासमा भक्तपुरका अग्रज व्यक्तिको साथ र सहयोग रहेको बताउँदै प्रमुख प्रजापतिले कलेज स्थापनामा नेपाल मजदुर किसान पार्टीको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो ।

कलेजलाई अझ व्यवस्थित र उत्कृष्ट बनाउन निरन्तर प्रयास गर्नुपर्नेमा जोड दिँदै उहाँले आजको सफलता एकताको बलको परिणाम भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले ख्वप आफैँमा एउटा ब्रान्डका रूपमा स्थापित भइसकेको धारणा राख्दै क्यूएए प्राप्तिका लागि सहयोग पुर्‍याउने विश्वविद्यालय अनुदान आयोगप्रति नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दै उहाँले कलेजको उपलब्धिलाई अझ उचाइमा पुर्‍याउन निरन्तर प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

कलेज सभाका सदस्य एवं वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईले सामाजिक उत्तरदायित्व पूरा गर्ने विषय कलेजको सुन्दर पक्षका रूपमा रहेको बताउनुभयो ।



उहाँले नीति तथा कार्यक्रम प्रगतिउन्मुख रहेको उल्लेख गर्दै योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनसँगै त्यसको नियमित रिपोर्टिङ गर्न पनि आवश्यक रहेको बताउनुभयो ।

रसुवामा गएको अकल्पनीय प्राकृतिक प्रकोपले देशलाई ठूलो क्षति पुर्‍याएको स्मरण गर्दै उहाँले विगतका विपद्का घटनाबाट पाठ सिक्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

२०४५ सालमा राज्यस्तरबाटै नेमकिपालाई नष्ट गर्ने षड्यन्त्रको स्मरण गर्दै उहाँले नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरूले आज देशमा आशा जगाउने काम गरेको बताउनुभयो ।

सभामा भक्तपुर नपाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले कलेजले क्यूएए प्राप्त भएकोमा बधाई तथा नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्नुभयो ।

समयअनुसार आउने चुनौतीहरूलाई सामना गर्दै अघि बढ्ने दक्षता अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

सभामा कलेजका प्राचार्य ई. सुनिल दुवालले कलेजको आर्थिक वर्ष २०८२।८३ को वार्षिक प्रतिवेदन र आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

सभामा सभासद्हरूले प्रस्तुत प्रतिवेदन तथा नीति तथा कार्यक्रममाथि टीकाटिप्पणी गर्नुभएको थियो । प्रतिवेदन तथा नीति तथा कार्यक्रम संशोधनसहित पारित भयो ।

सभाले २०८३ भदौ ८ गते कलेजले क्यूएए प्राप्त गरेकोमा धन्यवाद प्रस्ताव पारित गरेको छ । कलेजलाई क्यूएए प्राप्त गर्न सहयोग पुर्‍याउने सम्पूर्ण पक्षप्रति आभार व्यक्त गर्दै सभाले धन्यवाद प्रस्ताव पारित गरेको हो ।

# 'अमेरिकी प्रजातन्त्र' पुस्तकबारे अध्ययन गोष्ठी

सुर्खेत, १० भदौ । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतले 'भक्तपुर काण्ड'को भर्त्सना गर्दै 'अमेरिकी प्रजातन्त्र' पुस्तकबारे अध्ययन गोष्ठी कार्यक्रम बुधबार गरेको छ ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले 'अमेरिकी प्रजातन्त्र'को वास्तविकताबारे नयाँ पुस्तालाई जानकारी गराउनु जरुरी छ भन्नुभयो ।

देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै आएको नेमकिपालाई नष्ट गर्ने



कुनियतका साथ रचिएको 'भक्तपुर काण्ड'को भर्त्सना गर्दै उहाँले इमानदार नेता-कार्यकर्तालाई प्रतिक्रियावादीहरूले अनेक जालझेल रचेर फसाउन सक्नेप्रति सजग हुनु जरुरी भएको बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका धनेन्द्र वि.क.ले देश धनी हुँदैमा जनता समृद्ध नहुने गतिलो उदाहरण अमेरिकामा भएको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा सुर्खेत जिल्ला अध्यक्ष हरि बहादुर बोहराले कठिन परिस्थितिमा मात्र असल कार्यकर्ताहरूको पहिचान हुने कुरा नै भक्तपुर काण्डले दिएको मुख्य पाठ हो भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेम थापा, नेमकिपा सुर्खेतका शेरबहादुर शाही, कर्णाली कला साहित्य समाज सुर्खेतका प्रकाश ओझेल, नेक्रामजदुर सङ्घ सुर्खेतका सचिव अङ्गबहादुर शाही, नेक्राकिसङ्घ सुर्खेतका सचिव देवीराम सिजापति, नेक्रायुसङ्घ सुर्खेतका छत्रिकाकुमारी वि.क., चेतन पौड्याल, अक्कल रानालगायतले बोल्नुभएको थियो ।

# बिग्रिएको बाटो कहिले बन्छ ? खोरियाका स्थानीयको प्रश्न

**– प्रतिक्षा तामाङ, प्रशिक्षार्थी**

भक्तपुर, १० भदौ । चाँगुनारायण नगरपालिका – ४ स्थित खोरिया गाउँ जाने बाटो लामो समयदेखि बिग्रिएको भन्दै स्थानीयवासीले गुनासो गरेका छन् । बाटोमा ठाउँ-ठाउँमा खाल्डाखुल्डी हुनुका साथै वर्षाको समयमा हिलो र पानी जम्ने भएकाले मानिसहरूलाई हिँडडुल गर्न निकै समस्या भएको छ ।

गाउँको तलपट्टि जाने बाटो र माथिपट्टि जाने बाटो राम्रो अवस्थामा रहे पनि बिचमा रहेको केही भागको बाटो भने धेरै बिग्रिएको स्थानीयको भनाइ छ । विशेष गरी स्थानीयको घर अगाडिको बाटो लामो समयदेखि मर्मत हुन नसक्दा दैनिक हिँडडुल गर्ने मानिसहरूले समस्या भोगिरहेका छन् ।

वर्षाको समयमा बाटोमा हिलो र पानी जम्ने भएकाले हिँड्न निकै गाह्रो हुन्छ । बाटोमा भएका खाल्डा खुल्डीका कारण मानिसहरू चिप्लिएर लड्ने गरेका छन् । स्थानीयका अनुसार धेरै मानिसहरू लडेर चोटपटकसमेत लागिसकेको छ । बालबालिका, विद्यार्थी, ज्येष्ठ नागरिक तथा अन्य सर्वसाधारणलाई यसबाट बढी समस्या भएको छ ।

बिग्रिएको बाटोका कारण विद्यार्थीहरूलाई विद्यालय तथा कलेज जान-आउन पनि कठिनाइ भएको छ । पानी परेको समयमा बाटो चिप्लो हुने भएकोले विद्यार्थीहरू डराउँदै हिँड्नुपर्ने अवस्था रहेको स्थानीयको भनाइ छ । बजार, स्वास्थ्य संस्था तथा अन्य आवश्यक कामको लागि जाने मानिसलाई पनि बाटोका कारण समस्या भइरहेको छ ।

स्थानीयवासीले एउटै क्षेत्रमा रहेका अन्य बाटा राम्रो भए पनि आफूहरू हिँड्ने बाटो मात्र किन लामो समयदेखि बिग्रिएको अवस्थामा राखिएको हो भनेर प्रश्न गरेका छन् ।

स्थानीयवासीले विकास निर्माणका काम चुनावको समयमा मात्र गर्न नहुने बताएका छन् । चुनाव आउँदा विकासको कुरा गर्ने र चुनाव सकिएपछि जनताको समस्या बिर्सने प्रवृत्ति अन्त्य हुनुपर्ने उनीहरूको भनाइ छ । उनीहरूका अनुसार सडक, खानेपानी, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता पूरा गर्न चुनाव कुर्नुपर्ने अवस्था हुनुहुँदैन ।

"विकासको कुरा चुनाव आउँदा मात्र प्रचार गरेर हुँदैन । जनतालाई आवश्यकता परेको समयमा काम हुनुपर्छ", एक स्थानीयवासीले बताए ।

बिग्रिएको बाटोका कारण पैदल हिँड्ने मानिससँगै दुईपाङ्ग्रे सवारी साधन चलाउनेलाई पनि समस्या भएको छ । विशेष गरी पानी परेको समयमा खाल्डाखुल्डीमा पानी भरिने र बाटो चिप्लो हुने भएकाले दुर्घटनाको जोखिम बढेको स्थानीयले बताएका छन् ।

स्थानीयवासीले वडा कार्यालय र नगरपालिकालाई बाटोको समस्या समाधान गर्न आग्रह गरेका छन् । उनीहरूले बाटोको अवस्था हेरेर आवश्यक बजेट छुट्याई छिटो मर्मत तथा निर्माण गर्न माग गरेका छन् ।

स्थानीयको प्रश्न छ, मानिसहरू लडिरहेका छन्, विद्यार्थीलाई हिँड्न गाह्रो भइरहेको छ र सर्वसाधारणले दैनिक दुःख पाइरहेका छन् भने यो बाटो बनाउन चुनाव आउनैपर्ने हो र ?

स्थानीयवासीले बाटो निर्माणलाई राजनीतिक विषयभन्दा पनि जनताको आवश्यकताका रूपमा हेर्न सम्बन्धित निकायसँग माग गरेका छन् । उनीहरूले तत्काल बाटोको निरीक्षण गरी मर्मत तथा निर्माणको काम अघि बढाउन आग्रह गरेका छन् ।

# खानेपानीको समस्या कहिले सहज हुने ?

**– निकीता त्यात, प्रशिक्षार्थी**

भक्तपुर, १० भदौ । राजधानीवासीको बिहानको पहिलो अलार्म अहिले मोबाइलबाट होइन पानीको मोटरको आवाजबाट बज्छ । काठमाडौं उपत्यकामा खानेपानीको समस्या हल भएको छैन ।

धारामा हप्ताको दुई दिन त्यो पनि राति, बिहान जुनसुकै बेलामा पानी आउँछ । त्यो पनि सबैको घरमा पुग्दैन । पानीको लागि मानिसहरू रातभर जाग्राम, दिनमा काम छोडी बस्न बाध्य छन् ।

पहिरो र मर्मतका कारण मेलम्चीको पानी नियमित छैन । उपत्यकामा जनसङ्ख्या धेरै बढ्यो तर पानीको स्रोत उस्तै छ । घर-घरमा बोरिङ गरेर जमिनमुनिको पानी अत्यधिक तान्दा पानीको प्राकृतिक तह भूमिगत पानीको सतह घट्न जान्छ । कङ्क्रिटका कारण वर्षाको पानी जमिनभित्र सोसिन नपाउने तर निकाल्ने क्रम मात्र बढ्दा परम्परागत कुवा, इनार र ढुङ्गेधाराका मुहानहरू स्थायी रूपमा सुक्छन् । यसले गर्दा धेरैजसो जमिन भासिने खतरा निम्तिएको छ । धारा खुल्लै छोड्ने र गाडी धुन्दा अत्यधिक पानी बहाउने जस्ता लापरबाहीपूर्ण बानीले गर्दा अमूल्य पिउने पानी बिनाकारण खेर गइरहेको छ । यो बानीले गर्दा एकातिर पानीको ठूलो सङ्कट निम्तिरहेको छ भने अर्कोतिर दैनिक रूपमा पानीको अभाव झेल्नेहरूको समस्या झन् बढेको छ ।

पानीको प्राकृतिक मुहान सुकेका कारण पहिले मासिक २०० रूपैयाँ मात्र तिर्ने गृहिणीले अहिले ट्याङ्करको पानी किन्नुपर्दा खर्च बढेर ३,००० रूपैयाँ पुगेको छ । ट्याङ्करको पानी सिधै पिउन योग्य नहुने हुनाले त्यसलाई फिल्टर गर्न वा जारको पानीको थप अतिरिक्त रकम खर्च गर्नुपर्ने बाध्यता छ । दैनिक आवश्यकताका लागि बढी खर्च गर्नुपर्दा सर्वसाधारण र मध्यमवर्गीय परिवारको मासिक बजेट नै खलबलिएको छ ।

खानेपानीको अभावले गर्दा काठमाडौँमा अध्ययनरत विद्यार्थीहरू अनेक समस्यामा परेका छन् । पानी भर्नका लागि बिहान ४ बजे उठ्नुपर्ने बाध्यताले उनीहरूको पढ्ने समय खोसिएको छ भने महिनामा २-३ ट्याङ्कर पानी किन्दा थपिने आर्थिक भार बढेको छ । पानीको अभावले दैनिक सरसफाइ प्रभावित हुँदा उनीहरूमा छाला र पेटसम्बन्धी रोगहरूको जोखिम बढेको छ ।

हरेक नयाँ घरमा वर्षाको पानी सङ्कलन गर्ने ट्याङ्की अनिवार्य गर्दा जमिनमुनिको पानीको माग घट्छ र पानीको वैकल्पिक स्रोत तयार हुन्छ । प्रत्येक बाथरुममा दैनिक मात्रमा एक बाल्टिन पानी बचत गर्दा पनि उपत्यकाभरि दैनिक लाखौं लिटर पानी जोगिन्छ, जसले ठूलो अभाव टार्न सक्छ ।

पानीलाई सस्तो र असीमित ठानेर लापरबाही गर्दा आज हामीले त्यसको कडा मूल्य चुकाउनु परिरहेको छ । स्थानीय निकायले मुहान जोगाउन र नागरिकले पानी बचाउन सबै एकजुट हुनुपर्छ । यदि आजैदेखि पानी संरक्षण नगर्ने हो भने १० वर्षपछि पैसा तिरेर पनि पानी नपाइने स्थिति आउन सक्छ ।

जमिनमुनि जम्मा भएको सफा पानी प्रयोग गर्न इनार निर्माण गर्नु एक प्रभावकारी उपाय हो । नदी नाला वा पोखरीको पानीजस्तो इनारको पानी सूर्यको तापले गर्दा सजिलै सुकेर जाँदैन र यो बाहिरि फोहोरबाट पनि सुरक्षित रहन्छ । यसले सरकारी वा पाइपलाइनको पानीमा मात्र निर्भर हुनुपर्ने बाध्यतालाई कम गर्छ । मानिसहरूलाई दैनिक जीवन तथा खेतीपातीका लागि आवश्यक पर्ने पानी सजिलै उपलब्ध गराउँछ । इनार खन्दा १०-१५ फिट तलसम्म खन्नु पर्छ । बाँध (Dam) लाई नहर (Canal) सँग जोड्दा जलाशयको पानीलाई टाढा टाढाका खेतबारीसम्म सिधैँ पुऱ्याएर खेतीपातीमा सघाउँछ र पानीको प्राकृतिक स्रोत नभएका सुख्खा ठाउँहरूमा सजिलै पानी पुऱ्याउन सकिन्छ । नहरहरूको ढोका प्रयोग गरी कुन क्षेत्रमा कति पनी पठाउने भन्ने कुरा नियन्त्रण गर्न सकिन्छ । नहरमार्फत पानीलाई सिधै सहरका पानी प्रशोधन केन्द्रहरूमा पुऱ्याउन सजिलो हुन्छ । नहरबाट पानी बग्दा आसपासको जमिनमुनिको पानीको सतह माथि आउँछ जसले गर्दा नजिकैका इनार र कुवाहरू पनि सुक्दैनन् ।

# स्वदेशमा अवसरको अभाव, विदेसिँदै नेपाली युवा

**– इच्छा गुरुवाचार्य, प्रशिक्षार्थी**

काठमाडौं, १० भदौ । अहिले नेपालमा विदेश जाने युवाहरूको सङ्ख्या दिनदिनै बढ्दै गएको देखिन्छ । केही वर्षअघिसम्म विदेश जाने कुरा यति ठूलो समस्या जस्तो लाग्दैनथ्यो तर अहिले धेरै युवाहरूको पहिलो रोजाइ नै विदेश बनेको छ । कोही पढ्नका लागि विदेश जान्छन् । पढ्न विदेश गएका धेरै युवाहरूले पनि पछि त्यहीँ काम गरेर बस्ने सोच बनाउने गरेका छन् ।

नेपालमा आफ्नो पढाइ र सीपअनुसारको काम पाउन निकै गाह्रो हुनु विदेश जाने एउटा ठूलो कारण हो । नेपालमा रोजगारी पाए पनि कम तलब पाइने र भविष्यमा अगाडि बढ्ने मौका नहुने भएकाले युवाहरू विदेशमा राम्रो अवसर खोज्न बाध्य भइरहेका छन् । साथीभाइ र आफन्तहरू विदेश गएको देखेर विदेश जाने इच्छा बढ्ने गरेको पाइन्छ ।

नेपाल राष्ट्र बैङ्कको पछिल्लो तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा नेपालमा २१ खर्बभन्दा बढी रूपैयाँ रेमिट्यान्स भित्रिएको छ । विदेशमा रहेका नेपालीले पठाएको यो पैसा धेरै परिवारको घरखर्च, पढाइ, स्वास्थ्य र अन्य काममा प्रयोग भइरहेको छ । यसले विदेशमा काम गर्ने नेपालीको योगदान देशको अर्थतन्त्रमा कति ठूलो छ भन्ने कुरा देखाउँछ ।

तर, विदेश जाने क्रम बढ्दै जाँदा एउटा अर्को समस्या पनि देखिन थालेको छ । देशका धेरै युवाहरू बाहिरिँदा नेपालमै काम गर्ने मान्छेहरू कम हुँदै गएका छन् । देशमा केही गर्न सक्ने उमेर र क्षमता भएका युवाहरू नै विदेशमा आफ्नो भविष्य खोज्न थालेपछि नेपालको विकासमा काम गर्ने जनशक्ति कम हुने चिन्ता पनि बढेको छ ।

विदेश गएका युवाहरूले पैसा मात्र होइन नयाँ सीप र अनुभव पनि सिकिरहेका छन् । तर, आफ्नो देशमा राम्रो अवसर पाउन सके धेरै युवाहरू विदेश जानु पर्दैन भन्छन् । उनीहरूका लागि राम्रो रोजगारी, उचित तलब र आफ्नो क्षमता देखाउने मौका नेपालमै सिर्जना गरिनुपर्ने आवश्यकता छ ।

विदेश जाने युवालाई रोक्नु मात्रै समस्याको समाधान होइन । बरु, नेपालमै काम गर्न र आफ्नो भविष्य बनाउन सक्ने वातावरण बनाउनु मुख्य कुरा हो । युवाहरूले आफ्नो देशमै केही गर्न सक्ने अवस्था आएमा विदेसिनुपर्ने बाध्यता पनि बिस्तारै कम हुन सक्छ ।

अन्ततः युवाहरूको मात्र नभई आफ्नै देशको विकासमा प्रयोग गर्न मिल्ने वातावरण बनाउनु अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो ।

## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**चीन...**
बैठकमा मौसम गतिविधि र पूर्वानुमानका विषयमा सहकार्य गर्ने सहमति भएको विभागले जनाएको छ । छलफल भएको बताउँदै चिनियाँ पक्षले प्रभावित क्षेत्रको मौसमी विवरणका सम्बन्धमा सहकार्य गर्ने सहमति जनाएको स्पष्ट गर्नुभयो ।

जल तथा मौसम विज्ञान विभागका प्रवक्ता विभूति पोखरेलले नेपाल र चीन दुवैतर्फको प्रभावित क्षेत्रमा भारी वर्षा नभएको जानकारी दिँदै भन्नुभयो, "हिमताल विस्फोट, पहिरो वा अन्य कुनै कारणले नदी थुनिएर बाढी आएको हुनसक्ने सम्भावना रहे पनि त्यसको आधिकारिक पुष्ट्याइँ नभइसकेकाले दुवैतर्फको संलग्नतामा यस विषयमा थप अध्ययन हुन आवश्यक छ ।"

विभागका अनुसार छलफलका क्रममा चिनियाँ पक्षबाट तिब्बततर्फको भू-भागमा ठुलो वर्षा नभएको र वर्षाका कारण बाढी आएको भन्ने पर्याप्त आधार नभएको प्रारम्भिक धारणा आएको छ । चीनतर्फको भू-भागमा मौसमजन्य कुनै जोखिम वा प्रभाव देखिएमा चिनियाँ पक्षले नेपाललाई तत्काल जानकारी गराउने सहमति भएको प्रवक्ता पोखरेलले जानकारी दिनुभयो ।

### त्रिशुली र नारायणी नदीमा १८ शव भेटिए

यसैबिच तिब्बतबाट आएको बाढीसँगै चितवनका त्रिशुली र नारायणी नदीमा १८ वटा शव भेटिएको छ । कुरिनटारदेखि नारायणगढको लिला चोकसम्म ती शव भेटिएका हुन् ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार साँझ ६:०० बजेसम्म ठाउँ-ठाउँमा ती शव भेटिएका हुन् । सुरक्षा निकायले नदी तटीय क्षेत्रमा उच्च सतर्कताका साथ बगेर आएका शवहरू निकाल्ने काम गरिरहेको छ । उहाँले भन्नुभयो, "अहिलेसम्म १८ वटा शव भेटिएको छ । १२ वटा हातखुट्टा भेटिएका छन् । अरु विवरण लिँदै छौँ ।" बाढीको बहावसँगै ती शवहरू आएको उहाँले बताउनुभयो ।

बाढी नारायणगढसम्म आइपुग्दै गर्दा पानीको बहाव खतरा तहमा पुगेको छैन । प्रजिअ अर्यालका अनुसार चितवन यो बाढीका कारण जोखिममा परेको छैन । आमनागरिकलाई नदीमा सामान तान्न नजान आग्रह गर्दै उहाँले शवहरू देखिएमा खबर गर्न आग्रह गर्नुभयो ।

नारायणी बेसिन फिल्ड कार्यालय भरतपुरका प्रमुख ई. सुमित अधिकारीका अनुसार देवघाटस्थित नारायणी नदीमा वहाव घट्न थालेको छ । यहाँ नौ मिटर कटेपछि खतरा मानिन्छ । छ दशमलव ८० मिटर पानीको सतह पुगेर घट्न सुरु भएको उहाँले जानकारी दिनुभयो । अब नदीको सतह घट्न थालेकोले खतरा टरेको उहाँको भनाइ छ ।

बाढीको जोखिमका कारण पृथ्वी राजमार्ग र नारायणगढ-मुग्लिन सडकखण्डमा दिउँसैबाट सवारी रोकिएको छ । पोखरातर्फ जाने सवारीसाधनलाई पठाउन सुरु गरिएको छ । पृथ्वी राजमार्गको धादिङमा सडक अवरुद्ध भएकोले त्यसतर्फ जाने सवारीसाधन रोकिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले बताउनुभयो ।

नारायणी नदीमा बाढी आउन सक्ने भन्दै बुधबार दिउँसो नदी आसपासका विद्यालय बन्द गरिएका थिए । नदी तटीय क्षेत्रमा सुरक्षा निकायले माइकिङ गरेको थियो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### लेखा परीक्षणसम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८३/०५/११**
**(अन्तिम मितिः २०८३/०५/२५)**

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरू तथा सिकाइ केन्द्रहरूको आ.व. २०८२/८३ को अन्तिम लेखा परीक्षण गर्न तपसिलबमोजिमका कागजातहरूसहित सम्बन्धित विद्यालयबाट कम्तीमा ३ जना लेखा परीक्षक सिफारिस गरी पठाउन यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नगरपालिकामा पेस गर्नुहुन अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. लेखा परीक्षकहरूको व्यक्ति वा फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. लेखा परीक्षकहरूको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणको प्रतिलिपि ।
३. लेखा परीक्षकहरूको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. लेखा परीक्षकहरूको नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा चालू आ.व.को लेखा परीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजतपत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तहमा लेखा परीक्षकको व्यवसाय दर्ता तथा चालु आ.व.को नवीकरणको प्रमाणको प्रतिलिपि ।
६. विद्यालय व्यवस्थापन समितिबाट तीन जना लेखा परीक्षक सिफारिस गरेको निर्णयको प्रतिलिपि ।
७. चालू आ.व.को विद्यालयले सफाइ शुल्क तिरेको रसिदको प्रतिलिपि ।
८. रू.१,५००।-(एक हजार पाँच सय) जरिवाना भ.न.पा.को कर शाखामा दाखिला गरेको रसिद ।



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### लेखा परीक्षणसम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८३/०५/११**
**(अन्तिम मितिः २०८३/०५/२५)**

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित गुठी तथा संस्थागत विद्यालयहरूको आ.व. २०८२/८३ को अन्तिम लेखा परीक्षण गर्न विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको लेखा परीक्षकलाई स्वीकृति दिने व्यवस्थाअनुसार न.पा.बाट स्वीकृति लिन सम्बन्धित विद्यालयहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नगरपालिकामा तपसिलबमोजिमका कागजातहरूसहित निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. आ.व.२०८२/८३ को सफाइ शुल्क तिरेको प्रमाणको प्रतिलिपि ।
२. सम्बन्धित वडामा आ.व. २०८२/८३ को वार्षिक कर तिरेको प्रमाणको प्रतिलिपि ।
३. घर/जग्गा बहाल कर तिरेको प्रमाणको प्रतिलिपि ।
४. विद्यालय व्यवस्थापन समितिबाट दर्तावाला लेखा परीक्षकको नाम सिफारिसको निर्णयको प्रमाणको प्रतिलिपि ।
५. लेखा परीक्षकको नागरिकता, आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाण, ICAN मा दर्ता तथा चालू आ.व.को नवीकरण भएको प्रमाणको प्रतिलिपि ।
६. आ.व. २०८१/८२ को विद्यालयको कर चुक्ताको प्रमाणको प्रतिलिपि ।
७. लेखा परीक्षकको सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता तथा चालू आ.व.को नवीकरण गरेको प्रमाणको प्रतिलिपि ।
८. रू.१,५००।- (एक हजार पाँच सय) जरिवाना भ.न.पा.को कर शाखामा दाखिला गरेको रसिद ।



स्थायी लेखा(पान) नं. ३०२८६४९३५ दर्ता नं. २६७/(१४६)०६४/०६५

## लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
## Laxmi Bachat Tatha Rhin Sahakari Sanstha Ltd.

लक्ष्मी भवन, बाराहीस्थान-४, भक्तपुर
☎: ०१-६६१३७६२, ६६१४६९२

### १९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको बैठकको निर्णयानुसार १९ औं वार्षिक साधारणसभा तपसिलका प्रस्तावहरूमा छलफल गरी निर्णय गर्न निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितिको लागि यसै सूचनामार्फत हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम**
**मिति** : २०८३ आश्विन १७ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : सचिवालय भवन
**उपस्थिति पुस्तिका** : बिहान ९:०० बजेदेखि दिउँसो १:०० बजेसम्म

**छलफलका विषयहरू**

१. आ.व. २०८२/०८३ वार्षिकको प्रगति प्रतिवेदन ।
२. आ.व. २०८२/०८३ वार्षिकको आर्थिक प्रतिवेदन ।
   – आ.व. २०८३/०८४ को अनुमानित बजेट सम्बन्धमा ।
   – आ.व. २०८२/०८३ लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
३. आ.व. २०८३/०८४ को लागि अडिटर नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८२/८३ मा सञ्चालक समितिले गरेको निर्णयहरू अनुमोदन सम्बन्धमा ।
   – लाभांश, सुरक्षित पुँजी फिर्ता कोष, कर्मचारी बोनस कोष वितरण सम्बन्धमा ।
   – सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य समितिको बैठक भत्ता तथा सुविधा सम्बन्धमा।
६. निर्णयपुस्तिका प्रमाणित गर्न शेयर सदस्य मनोनयन गर्ने सम्बन्धमा ।
७. विविध ।

आर्थिक वर्ष ०८३/०८४ सालको लेखा परीक्षण गर्न दर्ता भएका इच्छुक अडिट फर्महरूबाट बोलपत्रको पनि आह्वान गरिन्छ । बोलपत्र प्रस्ताव दर्ता गर्ने अन्तिम मिति २०८३ आश्विन १५ गते दिनको ५ बजेसम्म ।



## हार्दिक समवेदना



जन्म
२००५/११/१२

स्वर्गारोहण
२०८३/०४/३०

हरिकृष्ण सुवाल

यस सङ्घका सदस्य विद्यालय होली गार्डेन इङ्लिस सेकेन्डरी स्कूलका प्रिन्सिपल श्रीकृष्ण सुवालका पूजनीय पिता **हरिकृष्ण सुवाल**को दुःखद निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**संस्थागत विद्यालय सङ्घ नेपाल (इसान)**
केन्द्रीय समिति, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः चक्रबहादुर चाकतु★कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा